# ऋतुविचार



लेखनाथ पौड्याल

# ऋतु-विचार

(खण्डकाव्य)

लेखनाथ पौड्याल

प्रकाशक : साझा प्रकाशन

संस्करण : नवौं, वि. सं. २०३२, दसौं, २०३५, एघारौं, २०३८, बाह्रौं, २०३९, तेह्रौं, २०४१, चौधौं, २०४२, पन्ध्रौं, २०४३, सोह्रौं, २०४४, सत्रौं, २०४६, अठारौं, २०४९, उन्नाइसौं, २०५१ बीसौं, २०५७, एक्काइसौं, २०६०, बाइसौं, २०६२ तेइसौं, २०६५ (साझा प्रकाशनबाट पन्ध्रौं पटक, ५१०० प्रति)

आवरणकला : टेकवीर मुखिया

मूल्य : रु. ३५।–

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर

फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

ISBN: 978-99933-2-710-3

# भूमिका

**निःसारविरसः कायः साऽपायोऽयं क्षणक्षयी ।**
**परोपकारलेशेन याति संसारसारताम् ॥**

विज्ञ पाठकवर्ग ! यो उही **ऋतु-विचार** हो जो १९७३ सालमा सानू **बुद्धिविनोद**नामक प्रश्नावलीको साथ 'निर्णयसागर-प्रेस' बम्बईमा छापियेर प्रकाशित भयेको थियो, जुन बेला मैले यसको रचना गरेथें उस बेला यसले नेपाली समाजको दृष्टिकोणमा यतिसम्म प्रिय स्थान लिन सक्ला भन्ने मेरो मनमा पनि थियेन, प्रतिदिन समाजमा यसको आशाऽतीत प्रचार र खोजी भयेको देख्ता मलाई बडो आनन्द लाग्यो । **ऋतु-विचार**को नेपाली समाजले यसरी आदर गर्नाको कारण यसको योग्यता मात्र हुनु पर्दैन कि विज्ञ पाठकवर्गको **गुणायन्ते दोषाः सुजनवदने** भन्ने सूक्तिअनुसारको गुणग्राहीपना पनि हुनुपर्छ ।

जस्तो यसको नेपाली समाजमा प्रचार भयो उस्तै गरी यसले विद्यालयहरूका पाठ्यश्रेणीमा समेत शुभ स्थान पायेको हुनाले मलाई यसको सातौं संस्करण निकाल्ने सौभाग्य प्राप्त भयो । मैले पनि यथाशक्ति यसलाई छात्रवर्गको उपयोगी बनाउनका निमित्त केही परिवर्तित गरी नेपाली भाषाको एक तुच्छ खण्डकाव्यको स्वरूपमा पाठकवर्गको अगाडि उपस्थित गरेको छु । अघि जस्तै गरी अहिले पनि यसले समाजमा विशेष प्रेमको स्थान पाउन सक्यो भने म आफ्नू परिश्रम पूर्ण सफल सम्झनेछु, र फेरि **सूक्तीनां प्रतिभानाञ्च मञ्जरीणाञ्च जृम्भितम् । नवमेव मनोहारी**... भन्ने महाकवि क्षेमेन्द्रको उक्तिअनुसार अरू पनि दुई-चार किताबहरू पाठकवर्गको अगाडि चाँडै नै उपस्थित गर्ने प्रयत्न गर्नेछु ।

ठवहिल ८०
नेपाल ।
२०२० साल

**लेखनाथ पौड्याल**

श्री

श्रीगौरी-शङ्कराभ्यान्नम:

अथ

# वसन्त-विचार

१

हिमालमा गयो जाडो लोक साऽऽनन्द देखियो ।
उदायो रसिलो राम्रो ऋतु-राज वसन्त यो ॥

२

नाम-शेष भयो सारा पुरानू शिशिर-स्थिति ।
लियो वसन्तले अर्कै नयाँ गौरव-पद्धति ॥

३

ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतु-राज हो ।
लोक गौरवले भर्नु यसैको मुख्य काज हो ॥

४

वसन्तमा समानै छन् ठण्डी गर्मी दुवै गुण ।
तुल्य तुल्य दया दण्ड राजाका हुन् विभूषण ॥

५

देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतु-राजको ।
दया-दण्डज्ञ राजाको नीति झैँ राजकाजको ॥

६

पशुपक्षी लता-वृक्षलगायत चराचर ।
ऋतु-नायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ॥

७

सेतो कमलको छाता मञ्जरी-मय चामर ।
ऋतु-राजत्वका चिह्न देखिन्छन् अति सुन्दर ॥

८

भुमराहरु वीणाको दिव्य झङ्कार गर्दछन् ।
गुण-गायक भै पक्षी गानमा तान भर्दछन् ॥

९

बर्र बर्र लता-वृक्ष लावा झैँ फूल छर्दछन् ।
पुतली नर्तकी-तुल्य नाचदै अघि सर्दछन् ॥

१०

मलयाऽचलको वायु लगातार सिरीसिरी ।
कलिला पालुवा-रूप पङ्खा हम्कन्छ सुस्तरी ॥

११

सजायेको छ सर्वत्र दिव्य सौन्दर्यको रथ ।
शान्तिको जल छर्केको खुला आनन्दको पथ ॥

१२

सारा वन बगैँचामा सजायेको छ आसन ।
ऋतु-राज उतैबाट गर्छ त्यो शुभ-शासन ॥

१३

दिव्य आनन्दको रङ्ग, दिव्य-कान्ति-तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ ॥

१४

त्यो दिव्य रङ्ग पायेका लता-वृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैँ उन्नताऽऽकृति ॥

१५

साना-तिना सबैमाथि फैलियेको छ गौरव ।
योग्यको आड पायेको बिग्रला को कहाँ कब ?

१६

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब ।
विवेक ज्योतिले शुद्ध विद्या-तुल्य बनिन् अब ॥

१७

हजारौँ-मुख भै निस्के लता-वृक्षाऽऽदि हालमा ।
लयाऽवस्था बितायेका जीव झैँ सृष्टि-कालमा ॥

१८

आँकुरा, पिपिरा, साना, काइन्या, चिउला, टुसा ।
निस्के झपक्क सर्वत्र साह्रै कलकलाउँदा ॥

१९

समाते सूर्यले फेरि उत्तराऽऽकाशको गति ।
प्रतापीको सदाकाल किन हुन्थ्यो अधोगति ?

२०

दिनमा दीर्घता आयो रातले लघुता लियो ।
ऋतु-राजत्वको सच्चा योग्यता स्पष्ट देखियो ॥

२१

दीपका बीचमा मैलो धूवाँ झैँ गुप्त भैकन ।
अलिअलि चढेको छ दिनमा धमिलो-पन ॥

२२

जुन जीवनको भाग रातको दिनमा सऱ्यो ।
उसैले दिनको कान्ति पक्का केही फिका गऱ्यो ॥

२३

ऋतु-नायकले घाम मन्दै गर्ने लिई सुर ।
तुवाँलोको मिही पर्दा लगायो कि सबै-तिर !!

२४

अलिअलि तुवाँलोले छोपियेका दिगङ्गना ।
देखिन्छन् प्रमदा-तुल्य लज्जाले विनताऽऽनन ॥

२५

पृथिवी छन् शुगा-रङ्गी पिपिराहरुले गरी ।
हरियो रेशमी सारी लायेकी प्रमदा-सरी ॥

२६

वनमा वागमा राम्रा पुष्प लाखौं थरी फुले ।
कुसुमाऽऽकर यो नाम सार्थ पाऱ्यो वसन्तले ॥

२७

आफनू शिल्प-सौन्दर्य-महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौं फूलमा मनमोहिनी ॥

२८

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ ।
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ॥

२९

बेली, जाई, जुही, चम्पा, चमेली, मधु-माधवी ।
सबैमा भरियेको छ भरिलो मोहिनी छवि ॥

३०

पुन्नाग, कामिनी, कीप, कल्की, बकुल, मालती ।
साराको भिन्न भिन्नै छ वासना 'रूप' आकृति ॥

३१

बेगिन्ती पुष्पका भेद बेगिन्ती रूप वासना ।
एकै प्रवाहमा चल्छन् धन्य हो ! विधि-कल्पना ॥

३२

पृथ्वीको दिव्य सौन्दर्य नअटायेर पट्ट भै ।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै ?

३३

तस्तै सुवासना-पूर्ण पुष्पको तुल्य जीवनी ।
सृष्टि-सौन्दर्यका निम्ति चाहन्छन् देवता पनि ॥

३४

कोही चहकिला पुष्प वासना नभये पनि ।
मूर्ख आडम्बरी जस्तै रूपमा छन् बडा धनी ॥

३५

बगैँचा सब देखिन्छ हजारौँ फूलले गरी ।
वसन्तको बुटे तन्ना कसेको बैठकै-सरी ।

३६

कलिला पालुवामाथि बिछ्यायेर फुलैफुल ।
वसन्त-श्री बसेकी छन् बनी सौन्दर्य-विह्वल ।

३७

लिई सौन्दर्य माधुर्य सौकुमार्य थपी वहाँ ।
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहो !

३८

रसिला फूलमा आई रसिलो दक्खिना हवा ।
कुन कारणले होला बिस्तारै गर्छ 'वाहः वा' ॥

३९

साना छुनुमुनू गर्ने बाल झैँ कलिला फुल ।
ढुलुमुलु भई झुल्छन् बहँदा वायु शीतल ॥

४०

बिस्तारै फूलका साथ खेली खेली मिलीजुली ।
सुटुक्क वासना चोरी चल्छ सुस्तै हवा छली ॥

४१

देखेर आफनै जस्तो पुष्पको रूप-गौरव ।
मित्यारी लाउँदै फिर्छन् बागमा पुतली सब ॥

४२

फक्रेका फूल दाता झैँ रस-धारा लुटाउँछन् ।
झोलामा भिक्षु झैँ मौरी पालामा त्यो जुटाउँछन् ॥

४३

काव्यका रसमा लोभी कवि झैं लट्ठ भैकन ।
प्रत्येक पुष्पमा थाले भुमराहरु झुम्मिन ॥

४४

आनन्दी पुष्पमा कालो दु:ख-रेखा-समानको ।
तुच्छ त्यो भ्रमर-श्रेणी के होला पात्र मानको ?

४५

गुणीका गुण झैं सारा रसधारा चुमीकन ।
भूँभूँ गरी उडी-दिन्छ स्वार्थी भ्रमरको गण ॥

४६

रस-वेतनका लोभी यद्वा भ्रमर-शिक्षक ।
आफनू जीविका गर्छन् पढाई पुष्प-बालक ॥

४७

हाँसी मुसुक्क बिस्तारै शिर हल्लाउँछन् फुल ।
भुमराको उही 'हुन्न' के होला कुनको भुल ॥

४८

गुलाफको लगायेर विधिले लाल-मोहर ।
दियेको हो कि वा बाग भृङ्गकै भोग-खातिर ?

४९

भृङ्गले रस रित्त्याई चुसेर पुष्प-वाटिका ।
देखिन्छ वैरिविध्वस्त निर्धो देश-सरी फिका ॥

५०

चीसो दक्षिणको हावा बहनाले सिरीसिरी ।
लहरा पालुवा गर्छन् मन्द मन्द फिरीफिरी ॥

५१

तालका सुरमा कोही सिपालू नटको सरी ।
पुष्प पल्लवको निस्क्यो हावामा नृत्य-माधुरी ॥

५२
झर्दछन् भेटनाबाट पुराना पुष्प बर्बरी ।
स्वर्गीय पुण्यको भोग सकेका पुण्यवान्-सरी ॥
५३
हावाको चालमा सारा पराग गगनै-भरी ।
फैलिँदो छ कविद्वारा वीरको वीरता-सरी ॥
५४
परागै हो कि ? त्यो माथि तुवाँलाको स्वरूपमा ।
घाम केही फिका पारी चढेको अन्तरिक्षमा ॥
५५
तुवाँलाबाट निस्केका सूर्यको कान्ति माधुरी ।
झल्कन्छ वनमा मानू सुनको तपकै-सरी ॥
५६
वसन्तले बुनी आफैं मिही पल्लव चादर ।
माथमा वनदेवीको चढायो कि मनोहर ?
५७
प्रत्येक वृक्षमा निस्क्यो पुष्प-पल्लव-माधुरी ।
संसार जीवको रागी वासना झैं थरी-थरी ॥
५८
अशोक, महुवा, पैञ्यू, जम्बू, बकुल, चम्पक ।
पलाशाऽऽदि सबै वृक्ष पुष्पले छन् झकाझक ॥
५९
कुनै राता, कुनै सेता, पहेँला भावका कुनै ।
कुनै सुनौला देखिन्छन्, आस्मानी रङ्गका कुनै ॥
६०
सिन्दुरे वन लक्ष्मीका स्यूँदाको सिन्दुरै-सरी ।
देखिन्छ माझमा राम्रो तलके तिलकै-सरी ॥

६१

बडो विशाल गम्भीर नील आकाश झैं वन ।
झल्कन्छन् फूलका गुच्छा तारका-तुल्य शोभन ॥

६२

वनका बीचमा यौटा सिक्रो वृक्ष शरीर यो ।
बल विद्या गुमायेको भारतै-तुल्य देखियो ॥

६३

लता-जञ्जालले ज्यादा जकडेका कुनै रुख ।
पापका बोझले ग्रस्त पापी झैं छन् अधोमुख ॥

६४

लर्काई सुनगाभाको पुष्प-हार कुनै रुख ।
विलासी झैं डटेका छन् देखाई हँसिलो मुख ॥

६५

साना ऐसेलुका दाना टिपदा ती टपाटप ।
ग्रामीण नारी सम्झन्छन् कानमा सुनका टप ॥

६६

निस्के नयाँ नयाँ लाखौं बृक्षमा मञ्जु मञ्जरी ।
रसिला प्रतिभाशाली कविका कविता-सरी ॥

६७

ऋषि झैं गरदै शुद्ध मञ्जरीमय भोजन ।
रातैमा कोइली लाग्यो स्वर्गीय सुर साधन ॥

६८

माधुर्य-सिन्धुको यौटा उर्लदो लहरी-मय ।
त्यो दिव्य स्वरले गर्छ सारा हृदय तन्मय ॥

६९

अदना त्यो चरीलाई त्यो स्वर्गीय 'सरीगम' ।
सघाउने विधाताको धन्य हो त्यो परिश्रम ॥

७०

स्वर माधुर्यको तेस्तो किन्नरै-तुल्य कोइली ।
रूपमा लाजले हो कि बोल्छ राती फुलीफुली ॥

७१

कोकिल-स्वर त्यो सुन्दा संयमीहरुको पनि ।
डग्मगाउन चाहन्छ समाधि-मय जीवनी ॥

७२

कोइलीको कुहूकार सुन्यो राती जती जती ।
उती उती नयाँ लाग्छ यो सारा सृष्टि-पद्धति ॥

७३

कोइली कागको भेद बोलीबाटै खुल्यो सब ।
मौकामा गुण जाहेर नभई रहला कब ?

७४

अघिका वेद-विज्ञाता ऋषिको झैं मनोहर ।
लाखौं चराचुरुङ्गीको सुनिन्छ मधुर स्वर ॥

७५

कुनै काँकाँ, कुनै कुर्र, कुनै चिर चिरीरिरी ।
शब्द-सौन्दर्य-भण्डार खोली बोल्छन् थरी-थरी ॥

७६

पुष्प-पल्लवका साथै पक्षीको मोद मङ्गल ।
जुटनाले खुलेको छ नन्दनै-तुल्य जङ्गल ॥

७७

जुरेली, मुनियाँ, मैना, श्यामा, पट्टु, चिभे चरी ।
धोबिनी सब देखिन्छन् उडने रागिनी-सरी ॥

७८

मोहिनी तिनको बोली, मोहिनी भाव-भङ्गि छ ।
अङ्ग अङ्गविषे भिन्नै मोहिनी रङ्गिचङ्गि छ ॥

७९

त्यो दिव्य रङ्गमा तेस्तो रङ्ग भै ती चरी सब ।
मनाउँछन् गला खोली स्वर्गीय कुन उत्सव ?

८०

गन्धर्व-जातिको यद्वा यद्वा किन्नर-जातिको ।
दिव्य गाना सिकेका छन् तिनले भाँतिभाँतिको ॥

८१

त्यो चरीका चुचाबाट निस्केको शब्द-माधुरी ।
उही यथार्थ सम्झन्छ जुन होला उही चरी ॥

८२

बोलने उडने लाखौं खिलौना काखमा धरी ।
पालुवामा वसन्त-श्री खेल खेल्छिन् थरी-थरी ॥

८३

हेर्दा वसन्त-लक्ष्मीको तेस्तो त्यो मोहिनी छवि ।
हृदयाऽऽकाशमा दोस्रै निस्किन्छन् प्रेमका रवि ॥

८४

प्रत्येक वृक्षमा पक्षी आनन्दी गान गाउँछन् ।
त्यो सुन्दा जङ्गली जन्तु सब भैंमा रमाउँछन् ॥

८५

पवित्र प्रेम-गङ्गामा गर्दै नित्य निमज्जन ।
थाले हरिणका झाँक हरिणी-सित खेलन ॥

८६

पशु-पक्षी, लता-वृक्ष सबैको भित्र लक्ष्यमा ।
झल्की-रहेछ आनन्दी प्रेम-सौन्दर्य-पूर्णिमा ॥

८७

गौँथलीहरु साऽऽनन्द योग्य जोडी मिलीकन ।
माया-चेतन झैं थाले गुण कृत्य जमाउन ॥

८८

पालुवा फूल झैँ राम्रा हलुका कपडाकन ।
पहिरी दुनियाँ लाग्यो वसन्तैको सखा हुन ॥

८९

कसैको अब जाँदैन भद्दा कन्था-विषे मन ।
कालाऽनुगारी सारज्ञ कवि झैँ छन् सबै जन ॥

९०

दबाई जेबमा चम्पा लागे रसिक घूमन ।
सुगन्धका कुनै साक्षात् मूर्ति जस्ता बनीकन ॥

९१

वियोगी पान्थका आगे रसिलो ऋतु-नायक ।
भयो भारतका लेखा कलि झैँ दु:ख-दायक ॥

९२

कन्याङ्कुरुङको पङ्क्ति एकतामा जमीकन ।
सभ्य संसार झैँ थाल्यो उत्तरोत्तर लम्कन ॥

९३

त्यो मानू मधु-लक्ष्मीका माथको भृङ्ग-गुञ्जित ।
नील-पङ्कज-माला झैँ देखिन्छ क्षण-लम्बित ॥

९४

बेसी हिउँदमा ऊर्छ वर्षामा लेख पस्तछ ।
पहाडिया गृहस्थी झैँ क्रौञ्चको श्रेणि बस्तछ ॥

९५

गाम, बेसी गरी लम्बा बिचरा ती चरा सब ।
जीवन-क्रमको शिक्षा स्पष्ट दिन्छन् सगौरव ॥

९६

तडागमा खडा फेरि भयो कमलको वन ।
भित्री बीज छँदासम्म मासिन्थ्यो र कुरा कुन ?

९७

नागले ऋतु-सौन्दर्य हेर्नलाई उँभो-तिर ।
पानीबाट निकाले कि पद्मका रूपमा शिर ?

९८

लक्ष्मीको वास त्यो खास देखी कमल पुष्पित ।
भुन्न भुन्न गरी हर्दम् घुम्न थाले मधु-व्रत ॥

९९

हिलैमा भ्यागुतो बस्छ हिलैमा कमल-स्थिति ।
स्थानले मात्र के गर्नु भिन्नै छ गुणको गति ॥

१००

संसार नाटच-शालाका छ-पर्दा-मध्य वास्तव ।
ज्यादा वसन्त-पर्दामा खुशी छ जगतै सब ॥

१०१

बहुत कम हुनाले काव्यको भङ्गि-भाव
अलिकति मलिनै भो यो वसन्त प्रभाव ।
भनिकन पहिले नै केही सङ्कोच-साथ
बुधजनसँग बिन्ती गर्छ यो 'लेखनाथ' ।

**इति वसन्त-विचार**

अथ

# ग्रीष्म-विचार

१

लेखी देखे-बुझेसम्म वसन्त-महिमा सब ।
कविको लेखनी दौड्यो ग्रीष्म-वर्णनमा अब ॥

२

राम्रो वन-बगैँचाको वासन्ती कान्ति मन्द भो ।
मानू स्वर्गीय गङ्गाको मधुर स्रोत बन्द भो ॥

३

पुगे शनैःशनैः सूर्य मध्य आकाशमा अब ।
देखायेर पराकाष्ठा उत्थान-क्रमको सब ॥

४

प्रतापीको प्रतापाऽग्नि-शिखा जस्ता कडा दिन ।
दबाई जगतैलाई अब थाले खडा हुन ॥

५

शके-सम्म करद्वारा पृथ्वीको रस खींचन ।
अविवेकी विजेता झैँ सूर्य लागी-रहेछन ॥

६

धपक्क भै बलेका छन् घामले दिन बेसरी ।
दीपकाऽऽभ्यासमा व्यग्र विद्वान्का इन्द्रियै-सरी ॥

७

रश्मिका रूपमा ताता वर्षायेर तिखा सिया ।
सूर्यले गर्न आँटे कि विश्वगोल छिया-छिया ?

८
विषले मत्मतायेका काला काला भुजङ्गको ।
फुङ्कार झैं बढेको छ दन्दनाहट धर्मको ॥
९
सन्तापले गरी ज्यादा आकाशै धप्प भैकन ।
ज्वाला-जाल निकालेर बलने हो कि दन्दन ?
१०
त्यो नीलभाग माथिल्लो सारा विश्व-कटाहको ।
दागै हो कि त यै चर्का ग्रीष्मका उग्र दाहको ?
११
संसार-भर ठण्डीको नामै छैन कतै-तिर ।
जता जाऊ उतै खाली गरमीको कडा पिर ॥
१२
घामको नाम पारेर कालले अति उत्कट ।
आफना लय-लीलाको देखायो चम्चमावट ॥
१३
गरमीको कडा मुस्लो सल्कायेर सबै-तिर ।
भसक्कै पार्न् आँटचो कि विधिले सृष्टि सुन्दर ?
१४
जल तात्यो, हवा तात्यो, तात्यो गगन, भूतल ।
सन्तको सङ्ग झैं यौटा-वृक्ष-च्छाया छ शीतल ॥
१५
गर्छन् विश्राम निर्धक्क बटुवा वृक्षका मनि ।
आडमा योग्य नेताको दुनियाँ झैं सुखी बनी ॥
१६
जल शुक्तै गयो सारा पृथ्वीबाट घरी-घरी ।
कराल कलिले गर्दा धर्मको महिमा-सरी ॥

१७

साना-तिना नदी-नाला नाम-शेष बने सब ।
विना गाम्भीर्यको व्यक्ति रहन्थ्यो तापमा कब ?

१८

देखिन्छ उनमा तातो बलौटे अब केवल ।
विरसी मूर्खको क्रूर चित्त फैं धर्म-सङ्कुल ॥

१९

बालुवा टेकना-साथ पैतालाकन पोल्दछ ।
पाद-प्रहारको मानू जवाफै स्पष्ट बोल्दछ ॥

२०

टाढा टिलपिलायेको जल जस्तै मनोहर ।
मसिना बालुवामाथि झल्कन्छन् सूर्यका कर ॥

२१

विशाल मृगतृष्णा त्यो झल्कँदा दूर चम्चम ।
देखिने व्यक्तिमा पर्छ बडो आश्चर्यको भ्रम ॥

२२

कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ ।
पानीका भानले कोही दौडँदै अगि सर्दछ ॥

२३

नगीचमा पुगी हेर्दा न त्यो चाँदी न त्यो जल ।
झल्कन्छ आँशुका साथै कठै ! दुर्भाग्यको छल ॥

२४

घामैको डरले हो कि ? ठूला नद-नदी सब ।
लुकाई लहरी-नृत्य खस्के तल-तलै अब ॥

२५

श्वास-प्रश्वासका मात्र दिँदै दुःखित सूचन ।
गर्छन् पहाडिया खोला डण्डूरै-भित्र हुन्हुन ॥

२६

नष्ट भो घामले गर्दा हवाको शीतलो-पन ।
रहन्थ्यो क्रोधका साथ दयाको आँकुरो किन ?

२७

बतास चल्दै-चल्दैन चलिहाल्यो भने पनि ।
उष्णताले शके-सम्म बलेको हुन्छ दन्दनी ॥

२८

विधिले उग्र गर्मीको यो खलाँती फुकीकन ।
पसीना-रूपमा मस्ती गलायो लोकको किन ?

२९

न तुवाँलो, न ता मेघ, न हुस्सू छ, न ता हिम ।
घन्क्यो घनक्क सर्वत्र घामको जय-डिण्डिम ॥

३०

बन्यो मशान झैं शून्य तातेका दिनको स्थिति ।
निस्कँदैन कतै कोही माखो-तक सिती-मिति ॥

३१

निस्क्यो भने कतै कोही ग्रीष्मका उग्र घाममा ।
देह-भन्दा अघी प्राण पुग्न चाहन्छ ठाममा ॥

३२

मणि-मन्त्राऽऽदिले रुद्ध नाग झैं हत गौरव ।
छट्ट-पट्ट गरी बस्छ गर्मीले जगतै सब ॥

३३

शिरमा सूर्यको ताप, मनमा विरहाऽनल ।
बटुवा कुन होवैन बाटामा जीवनाऽऽकुल ?

३४

तन गर्छ जलेवाको प्रशंसा, मीनको मन ।
प्राण भन्छ म चाहन्छु मेघको दिव्य जीवन ॥

३५

पृथिवी-भर गर्मीको प्रवाहकन जाँचने ।
कुला-तुल्य ठुला रस्ता-ताता भत्भति पोलने ॥

३६

ताता सडकका ताता पसिनाकन खल्खली ।
चुहाई चल्दछन् पान्थ कष्ट-साथ गली गली ॥

३७

स्याँस्याँ भै दम उर्लन्छ, शुकेको छ सबै मुख ।
पियारो मित्र भैं लाग्छ त्यो बेला मार्गको रुख ॥

३८

देखिन्छ पसिना-पूर्ण पान्थको मुख त्यो घरी ।
रातो चुर्लुम्म पानीमा बुडेको कमलै-सरी ॥

३९

बिचरा बीच बाटाको जलशून्य कुवाकन ।
थाले पुलुक्क हेरेर आँशुले पूर्ण पारन ॥

४०

प्यासका साथमा श्वास श्वास-साथै निराशता ।
उर्लेर गर्न चाहन्छन् पान्थको दिव्य पान्थता ॥

४१

हाली अनन्त सुस्केरा हिँडदा हिँडदा जल ।
जब पायो अनी आयो नवीन बल-मङ्गल ॥

४२

त्यो बेला त्यो सुधा-तुल्य पियेर जल कल्कली ।
लेटदा चित्तमा फुल्छ स्वर्गीय सुखको कलि ॥

४३

आमा-समानकी निद्रा तत्कालै झप्प आउँछे ।
काखमा बटुवालाई राखी दर्द बुझाउँछे ॥

४४

बिउँझ्यो मृत्ति-मूर्छाको अन्त्यमा बासना-सरी ।
धूमधाम उही घाम, उही बाटो कठैबरी !!

४५

दु:खीका दु:खको याद दैवका मनमा भये ।
त्यो चर्को घामको पर्दा तत्कालै उल्टने थिये ॥

४६

भीष्म-सन्तापले पूर्ण शकुनि-ध्वनि-सङ्कुल ।
कृष्ण-कादम्बिनी-शून्य जुवा झैं छ नभस्तल ॥

४७

कराउँदै घुमेको छ काकाकूल घरी-घरी ।
कान्ता खोजन्त निस्केको पान्थको प्राण झैं गरी ॥

४८

मेघ-मार्ग घुमी सारा नपाई मेघ-दर्शन ।
त्यो मेघ-भक्त लाग्यो कि मेघ-मह्लार गाउन ?

४९

अथवा त्यो गई माथि विधाता-सँग शोकको ।
विकराल सबै हाल भन्न लाग्यो कि लोकको ?

५०

गम्भीर गगनै यद्वा ठानी स्वर्गीय सागर ।
पानी-खातिर त्यो मानी लम्कँदो छ उँभो-तिर ॥

५१

यद्वा विष्णुपदी होलिन् यै विष्णुपदमा भनी ।
घुमी आकाश-गङ्गाको गर्छ त्यो उग्र खोजनी ॥

५२

त्यो निराधारमा तेस्तो निकाली करुण स्वर ।
नत्र त्यो घाममा घुम्दै किन जाला उँभो-तिर ?

५३

जलाशयहरू-नेर तुच्छ जीवन-खातिर ।
मरे पनि झुकायेन धीर चातकले शिर ॥

५४

सुन्दा चातकको तेस्तो तिर्खाले व्याकुल ध्वनि ।
नौनी-समान पग्लन्छ छाती पत्थरको पनि ॥

५५

त्यो मानी पक्षीको तेस्तो त्यो पानी-व्रत धन्य छ ।
जसको इन्द्रमा मात्र भक्तिभाव अनन्य छ ॥

५६

अरू साना-तिना पक्षी वनको भिन्नभिन्न छन् ।
रसिला वृक्षका पत्र उनका दिव्य मित्र छन् ॥

५७

बिचरा ती चरालाई न चाराको उमङ्ग छ ।
न कुनै वन्य-लीलाको भाव-भङ्गि-तरङ्ग छ ॥

५८

ज्वाला-जाल फिँजारेको खडेरी-रूप दानव ।
देखी डरी डरी दप्कें किन्नरी झैं चरी सब ॥

५९

वैलाये घामले राम्रा भरिला पुष्प-पल्लव ।
दारिद्र्यले डढायेका दु:खी झैं गत-गौरव ॥

६०

माथि माथि सबै-तर्फ फर्र फाली भुवाकन ।
अग्लो सिमल लाग्यो कि सेतो मेघ बनाउन ?

६१

विद्वेषको विशेषज्ञ धीरको मनमा सरी ।
प्रभाव घामको बाक्ला वनमा पर्छ बाहिरी ॥

६२

अँध्यारा अत्मरा, खोल्सा, गुफा, डण्डूर यी सब ।
तापाऽऽर्त पशु-पक्षीका विश्राम-स्थान छन् अब ॥

६३

असह्य तापका मारे हिजो आज सबै जन ।
नैष्कर्म्य-सिद्ध योगी झैं घुम्न थाले वनै-वन ॥

६४

हिम, चन्दन, कस्तूरी, मुक्ताहार, मृणालमा ।
व्यग्र देखिन्छ अत्यन्त विलासी-वृन्द हालमा ॥

६५

खेतमा खेतिवालाका रमणी-जन हालमा ।
पैह्रिन्छन् पसिना-रूप मुक्ताऽऽभूषण भालमा ॥

६६

निःशङ्क पिउँछन् पानी सिंहका साथमा मृग ।
एक-देशीयको हुन्छ दुःखैमा ऐक्य सम्भव ॥

६७

पहिले वन गर्मीले उसिनेको समान छ ।
डढेलो उसमा फेरि दुःखको के बयान छ ?

६८

निकाली अग्निको ज्वाला आपसैमा भिडीकन ।
कुरुवंशी-सरी थाल्यो वंश-श्रेणी विनाशिन ॥

६९

वेग-साथ बढेको छ डढेलो वनमा अति ।
हिन्दूमा सर्व-संहारी फूट झैं भीषणाऽऽकृति ॥

७०

उताबाट उता सल्क्यो उताबाट उता-तिर ।
गर्दै चटचटाऽऽकार छोपि-हाल्यो सबै-तिर ॥

७१

डढेलाले निल्यो झट्टै झार, पात दुवै-थरी ।
कर्म-सञ्चित, आगामी विज्ञान-ज्योतिषै-सरी ॥

७२

ठूला फेद-विषे आगो सल्केका वृक्ष हुन् जुन ।
उनी प्रारब्ध झैं थाले सुस्तसुस्तै बिलाउन ॥

७३

तातो लपलपायेको रातो जिभ्रो झिकीकन ।
कराल काल लाग्यो कि लपक्कै लोक चाटन ?

७४

स्याँस्याँ गरी निकालेका जिभ्रो जस्ता बडा तिखा ।
देखिन्छन् टोडकाबाट वृक्षमा अग्निका शिखा ॥

७५

रुन्छन् कठै ! कुनै वृक्ष ठाडै चीं चीं गरी गरी ।
रस-रूप सफा आँशु चुहाईकन बर्बरी ॥

७६

घरी झार, घरी पात, घरी वृक्ष, घरी लता ।
भस्म पारी डढेलाले उडायो वनको पता ॥

७७

आगाका डाहले माथि उठेका बिचरी चरी ।
डढेलामा गिरे फेरि घामका तापले गरी ॥

७८

राती पाखा-पखेरामा देखिन्छ देव-माधुरी ।
कृष्णका कटिको लामू दिव्य पीताम्बरै-सरी ॥

७९

प्रत्यक्ष सर्व-संहारी महामारी-समान यो ।
आगाले जङ्गली जीव नाम-शेष गरी-दियो ॥

८०

वृष्टि छैन, कडा घाम बढदो छ प्रतिक्षण ।
डढेलो उसमा फेरि के रहन्थ्यो कठै ! वन ?

८१

डढेलाले डढायेको वन देखिन्छ यो घरी ।
नबाबले प्रतापाऽऽग्नि सल्केको भारतै-सरी ॥

८२

उडायो ग्रीष्मले सारा वसन्त-कृत गौरव ।
नीच पापी दुरात्माले सन्तको कीर्ति झैं सब ॥

८३

यौटा गुलाफको पुष्प यस्तो ताप पनी सही ।
दुरुस्त अधिको जस्तै फुलेको छ जहाँ-तहीं ॥

८४

उपकारी महात्माको चित्त झैं स्वच्छ कोमल ।
देखिन्छ भाग्यले यौटा शिरीष-तरुमा फुल ॥

८५

गम्भीर जलको भित्री तहमा नडुबीकन ।
संसार-भर पायिन्न आनन्दी शीतलो-पन ॥

८६

क्षणिकाऽऽनन्दमा लुब्ध जीव झैं मोहजालमा ।
जलमा मग्न भै गोता लिन्छन् रसिक हालमा ॥

८७

निस्कनु दबिनु-रूप विश्व-क्रम-निदर्शन ।
देखायेर सबै गर्छन् उन्मज्जन निमज्जन ॥

८८

देखिन्छन् जलमा पौडी खेलने ती थरी-थरी ।
दिव्य आनन्द-गङ्गाका सजीव लहरी-सरी ॥

८९

अस्ताऽद्रिका चुलीबाट घर्क्यो घाम अली जब ।
जलवासी अनी हाँसी निस्कन्छन् तीरमा सब ॥

९०

ग्रीष्ममा सूर्यको छैन चन्द्रको झैं प्रशंसन ।
भला हुन्थ्यो सदा-काल कहाँ ज्यादा गरम्पन ?

९१

दिन रात दुवैको छ चौथो याम मनोहर ।
चतुर्थाऽऽश्रम झैं आर्य-जातिको शान्ति-मन्दिर ॥

९२

दिनमा जीवनाऽऽशाको लहरा जो हराउँछ ।
चन्द्रिकाऽऽमृत पायेर रातमा त्यो पह्लाउँछ ॥

९३

उदयाऽचलमा चारु निस्कँदा चन्द्र-मण्डल ।
ढकमक्क भई फुल्छ मन:कुमुद निर्मल ॥

९४

चन्द्रको चाँदनी स्वच्छ लिनलाई थरी-थरी ।
अटालीमा चढी बस्छन् रातमा च्याखुरा-सरी ॥

९५

प्रचण्ड घामले गर्दा शुष्क-प्राय चराचर ।
रसाई चन्द्रले पारे सार्थ नाम सुधाकर ॥

९६

कर्पूर-द्रव झैं चीसो चन्द्रको दिव्य चाँदनी ।
पर्दा सर्र रसायेर अङ्कुराउँछ जीवनी ॥

९७

बिहानीपखको घ्याती मिल्छ जो शीतलो-पन ।
विश्वको त्यो उफ्रिन्नामा झुण्डियेको छ जीवन ॥

९८

सुती-रहन्छ दुनियाँ सूर्योदय हुँदा पनि ।
अविद्याले अँठ्याएको वृद्ध भारत जैँ बनी ॥

९९

लाग्छ लामू कडा तातो दिन कल्प-बराबरी ।
ठण्डा रात विती-दिन्छ मानू एकै पला-सरी ॥

१००

के गर्छ नक्कली पङ्खा, के गर्छन् हिम, सर्बत ।
चूर्ण हुन्न विना मेघ, गर्मीको पूर्ण बर्गत ॥

१०१

भरसक पढि सारा ग्रीष्मको यो विचार
मन-बिच लिनु-होला क्यै भयेदेखि सार ।
भनि सविनय लत्री नित्य जोडेर हात
विनति सुकविलाई गर्छ यो 'लेखनाथ' ।

**इति ग्रीष्म-विचार**

अथ

# वर्षा-विचार

१

ग्रीष्मको गरमी-भित्र घुमी खायेर चक्कर ।
कविको लेखनी दौडयो वर्षा-वर्णन-खातिर ॥

२

प्रजाको हर्षका साथ जल वर्षा गरीकन ।
आई-पुगी प्रिया वर्षा, वर्ष-तुल्य बने दिन ॥

३

समुद्र चिर्दै उत्रेका मत्त दिग्गजको छटा ।
फल्काई गर्जदै निस्क्यो चौतर्फी घनको घटा ॥

४

सुन्दा दिगन्तमा दूर मेघको धीर गर्जन ।
मानो-मयूर उफ्रन्छ लोकको दङ्ग भैकन ॥

५

छोडी क्षितिजको रेखा सुस्त-सुस्तै उँभो-तिर ।
मैनाक-तुल्य त्यो कालो उठायो मेघले शिर ॥

६

देखिन्छ नयनाऽऽनन्दी उसकी कान्ति-माधुरी ।
टलक्क टल्कने चिल्लो नाल पर्वतको सरी ॥

७

खिँची लपलपाऽऽकार तर्वार बिजुलीमय ।
गर्जन्छ रणमा मत्त वीर झैं मेघ निर्भय ॥

८

शिवले विष झैं सारा चर्को गर्मी पिईकन ।
थाल्यो कि बिजुली-जिभ्रो काढी मेघ मडारिन ?

९

घरी मिलिक्क मिल्कन्छ घरी गडगडाउँछ ।
घरी त्यो नगरा-तुल्य जोरले घुहुनाउँछ ॥

१०

अथवा जलको भारी गह्रुङ्गो भै गलीगली ।
चल्छ त्यो बिजुली-रूप लट्ठी टेकी अलीअली ॥

११

बिजुली नामको यद्वा छहरा अति निर्मल ।
स्वर्धुनीको खसेको हो छिचोली मेघ जङ्गल ?

१२

यस्तै छ जीवन-ज्योति अँध्यारामा भनीकन ।
देखायो विधिले यद्वा बिजुलीको निदर्शन ?

१३

मिलिक्क मिल्कँदा मेघ प्रकाश जुन आउँछ ।
विश्वको जीवन-ज्योति उसैले जग्मगाउँछ ॥

१४

जो त्यो मिलमिली-रूप मेघको मन्दहास छ ।
उसमा तीव्र गर्मीका बलको उपहास छ ॥

१५

हास्य-गर्भित गम्भीर सुन्दा त्यो मेघ-गर्जन ।
सारा संसार सम्झन्छ भावि सौभाग्य-सूचन ॥

१६

मेघमाला मिले एकै-छत्त भै गगनै-भरी ।
उर्लंदै सिन्धुमा चारै-तर्फबाट नदी-सरी ॥

१७

नाटच-शाला छ आकाश, नाचले बिजुली नटी ।
ताल दिन्छ तबल्ची झैं मेघ 'धाकिटि धाकिटी' ॥

१८

घरी-घरी त्यो देखिन्छे मेघमा बिजुली परी ।
कृष्णका काखमा मानू लेटेकी राधिका-सरी ॥

१९

राम्रा नयाँ नयाँ रङ्ग निकालेर थरी-थरी ।
सङ्घ चक्कर खाँदै छ कविको प्रतिभा-सरी ॥

२०

जति हेऱ्यो उती राम्रो रङ्ग आकाशमा चढचो ।
मेघले बिजुली-रूप झण्डा विजयको गडचो ॥

२१

घनक्क पारी घन्काई गम्भीर जय-डिण्डिम ।
गर्न लाग्यो महामेघ जलको वृष्टि झम्झम ॥

२२

पहिला जलका बिन्दु जोरले जुन आउँछन् ।
रूपमा पुतली-तुल्य धूपमा ती बिलाउँछन् ॥

२३

पहिले पृथिवी-माथि वर्षदा जल दर्दरी ।
सुगन्धी बाफ निस्कन्छ आनन्दोच्छ्वास झैं गरी ॥

२४

साना सीकरले सारा अङ्ग सर्र रसाउँछ ।
स्वर्गीय सुख-वर्षाको मनमा हर्ष आउँछ ॥

२५

रसले रसिली पारी तातेकी पृथिवीकन ।
नगीचैमा बसी मेघ लाग्यो भारी मजा लिन ॥

२६

वर्षन्छ जलको धारा मेघबाट जती जती ।
विरही जनको छाती शुक्दो छ उती उती ॥

२७

वर्षंदा जलका धारा मानू मानव-जातिका ।
स्वर्ग-सम्म पुऱ्यायेका तार झैं छन् जुदा जुदा ॥

२८

सारा सागरको खार चालने चलनी-सरी ।
घुमदै स्वादिलो पानी मेघ छर्दछ छर्छरी ॥

२९

समानै जल सर्वत्र विवेकी मेघले दियो ।
सम-दर्शी महात्माको पक्षपात कहाँ थियो ?

३०

हावाको रूपमा चल्छ जहाँ दुर्भाग्यको बल ।
वर्षंदैन उहीं मात्र मेघको जल शीतल ॥

३१

कालो भये पनी केही मेघको बाहिरी द्युति ।
झल्कन्छ चित्त-रेखामा भित्र उज्ज्वलता अति ॥

३२

विश्वको दु:ख देखेर दयाधारी पयोधर ।
नपग्लेको भयेदेखी के रहन्थ्यो चराऽचर ?

३३

न स्थान, मान चाहन्छ जाति, पाति न गन्दछ ।
जल वर्षाउँदा मेघ मानू ब्रह्मज्ञ बन्दछ ॥

३४

पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैं ।
शीतला जलधारामा भिजेको छ प्रजा सधैं ॥

३५

घरी दरदराऽऽकार घरी सुस्तै सिमी-सिमी ।
जल-वर्षा लगातार गर्छ मेघ घुमी घुमी ॥

३६

चिरिन्छन् जल-धाराले नलिनी-पत्र चर्चरी ।
दुर्वाच्य-वाण-वर्षाले साधुको हृदयै-सरी ॥

३७

दिन रात दुवै कालो पारी धुम्धुमियो झरी ।
मुख-पेट दुवै मैला भयेको दुर्जनै-सरी ॥

३८

झरीले छोपि-राखेका वर्षाका दिन छन् सब ।
अविद्याले अँठचायेका जीव-तुल्य गत-प्रभ ॥

३९

अँध्यारो दिन देखेर चखेवी बिचरी चरी ।
रुन्छे व्याकुलता-साथ रात्रिको भ्रान्तिमा परी ॥

४०

जल-वर्षा गरी मेघ तृप्त छैनन कुनै दिन ।
दाता देह छँदासम्म के गर्ला मुष्टि-बन्धन ?

४१

यताउता कतै कत्ति डग्दैन घन-मण्डल ।
लब्ध-भूमि महात्माको चित्त झैं अति-निश्चल ॥

४२

कहाँ सूर्य, कहाँ तारा, कहाँ नक्षत्र-नायक ।
देखिन्छन् कालले गर्दा जुन्किरी नै फकाफक ॥

४३

दिने मेघ सऱ्यो माथि, लिने खोला बगे तल ।
दिने लिनेको प्रत्यक्ष देखियो भेद उज्ज्वल ॥

४४

वर्षाउँदा अहो ! यौटा मेघले जल सम्पति ।
कुवा, खोला, नदी, नाला सबैमा छ समुन्नति ॥

४५

लोक भन्छ पुग्यो पानी किन्तु मेघ खन्याउँछ ।
यस्तै व्यक्ति महादानी लोकमा कहलाउँछ ॥

४६

पियारी बिजुलीलाई लोकले खीँचदामहाँ ।
रिसायेको सरी मेघ गर्जंदै छ जहाँ तहाँ ॥

४७

जथाभावी छरी पानी जुवाको हरुवा-सरी ।
धुम्मिन्छ छेउ लागेर कालो मेघ घरी घरी ॥

४८

जाती पानी कतै छैन, बाढीले सब मैलियो ।
भलले कलिले तुल्य एकैछत्त गरी-दियो ॥

४९

मेघ दिन्छ सफा पानी माटाले धमिल्याउँछ ।
गुणलाई पनी मूर्ख दोष-पूर्ण तुल्याउँछ ॥

५०

धमिला भलका साथ माछा पनि बडे बडे ।
कलिको सङ्ग पायेका दुराचार-सरी बढे ॥

५१

काला पहाडका सेता पानीमा छहरा छुटे ।
कृष्णका छातिमा मुक्ता-हारको उपमा लुटे ॥

५२

दायाँ बायाँ दुवै-तर्फ हान्दै खोला दगुर्दछन् ।
संसारमा छुचा यस्तै काममा अगि सर्दछन् ॥

५३

जरा खनेर खोलाले खसाले तीरका रुख ।
छोटाको आड लागेर मिलदैन कतै सुख ॥

५४

सारा कीट-पतङ्गाऽऽदि आत्तिये भेलमा परी ।
दारिद्र्यले डुबाएका भारतीय प्रजा-सरी ॥

५५

घुमाई लहरी-हात दौडन्छन् नाचदै नदी ।
दानी पयोदको दिव्य झल्काई कीर्ति-कौमुदी ॥

५६

लडाउँदै मुढा ढुङ्गा खहरे गड्गडाउँछ ।
छोटो मानिस मौकामा ज्यादा जोश बढाउँछ ॥

५७

कलिले श्रौत-यागादि कर्म झैं बटुवाकन ।
झरीले बाटबाटैमा रोकेको छ प्रतिक्षण ॥

५८

पार जाने डुंगा साँघु उडायो भलले सब ।
छोटो बढेपछी विघ्न नगरी छोडला कब ?

५९

हिले आहाल देखिन्छन् धमिला भलले भरी ।
ज्यादा दुर्वासना-जाल जमेका हृदयै-सरी ॥

६०

फुलाएर गला धोत्रो काढी सङ्गीतको धुवाँ ।
हिले आहालमा पाहा गर्न थाले टुवाँटुवाँ ॥

६१

छिन्नभिन्न गऱ्यो मैला भलले मार्ग बेसरी ।
पाखण्डी लतले हाम्रो राम्रो वेद-पथै-सरी ॥

६२

नौनी-समान वर्षाले गालेको भूमि-भाग यो ।
करुणाले पगालेको सज्जनै-तुल्य देखियो ॥

६३

कुल्चदामा पनी गज्ज पर्ने मूर्ख-समानको ।
हिलो संसारमा निस्क्यो मूर्ति झैं अपमानको ॥

६४

लोकोपकारमा जत्ति खर्चन्छ जल-सम्पति ।
उत्ती उज्यालो देखिन्छ मेघको वदन-द्युति ॥

६५

बाँध बाँधी-दिँदा सोझै चढ्यो पानी कुला-भरी ।
चित्त रोकी सुषुम्णामा लगेको प्राण झैं गरी ॥

६६

बेसरी गाँजियो रोपो कुलाको जलले गरी ।
पुर्खाको धर्म-धाराले पह्लायेको कुलै-सरी ॥

६७

खस्क्यो पर्वतको शोभा अनेक पहिरा परी ।
दुःखका चोटले गर्दा धीरको धीरता-सरी ॥

६८

अधिका खुर्खुरे नाङ्गा तुच्छ डाँडाहरू पनि ।
तृण-सम्पत्ति पायेर बने सौन्दर्यका धनी ॥

६९

ग्रीष्म-तप्त वसन्तश्री नुहाई पोखरीमहाँ ।
हाँस्तै जुर्लुङ्ग निस्किन् कि पद्मका रूपमा अहा ?

७०

कोइलीको मिठो बोली बिलायो कालले गरी ।
भ्यागुताको रुखो शब्द बढेको छ घरी घरी ॥

७१

अगाध सिन्धुमा चुप्पै चल्छन् तिमि-तिमिङ्गिल ।
भ्यागुतो खूप गर्जन्छ पाउँदा धमिलो भल ॥

७२

भ्यागुताको जहाँ बास वहीँ कमल फुल्दछ ।
तर त्यो चाल पाउन्न हिलैमा मात्र भुल्दछ ॥

७३

कहाँ तुच्छ हिलो तेस्तो, कहाँ कमलको रस ।
दुर्भाग्यले हिलैमा छ बिचरो भ्यागुतो खुश ॥

७४

संसार यो हिलो सारा पद्मको रस मुक्ति हो ।
जीव छन् भ्यागुता-तुल्य पद्म ईश्वर-भक्ति हो ॥

७५

अँध्यारा रातमा सुन्दा वर्षाको झम्झमावट ।
परमाऽऽनन्दका ढोका स्वयं खुल्छन् खटाखट ॥

७६

मानू स्वर्गीय सङ्गीत-कलाको दिव्य माधुरी ।
वर्षन्छ जल-धाराको साथैमा त्यो थरी-थरी ॥

७७

आकाश-गृहमा काली बुढिया मेघ-मालिका ।
घुम्दछे रातमा बाली बिजुली-मय दीपिका ॥

७८

खेतमा जलका धारा वर्षदा-खेरि बाहिर ।
उर्लन्छ खेतिवालाका मनमा सुख-सागर ॥

७९

विरही-जलको श्रेणी आँशुले परिपूरित ।
पला पलामा दाँजिन्छ वर्षाको रजनी-सित ॥

८०

पखालियो, बग्यो गैगो भलमा पुष्पको रस ।
भयो भ्रमरका निम्ति यो वर्षाकाल नीरस ॥

८१

विधिले फूलको सार कदम्का फूलमा भरी ।
गोलाऽऽकार बनायो कि सबै बग्ला भनी डरी ?

८२

गुणका भारले नम्र गुणी-तुल्य अली तल ।
झुके दारीमका हाँगा लागनाले ठुला फल ॥

८३

वनमा विरही बोली बोल्दछन् न्याहुली-चरी ।
चिरिन्छ परदेशीको दु:खी हृदय चर्चरी ॥

८४

मेघको शब्द सुन्नाले प्रेमले दङ्ग भैकन ।
थाले मयूरका भाले नाची नाची कराउन ॥

८५

विरही-जनको छाती बन्चराले सरी चिरी ।
बोल्दछन् मत्त भै तित्रा 'तित्तिरी, तित्तिरी' गरी ॥

८६

मानी त्यो हंसको श्रेणी पुग्यो मानसरोवर ।
अपमान जहाँ हुन्छ वहाँ को वास गर्छ र ?

८७

तामे ढुक्कुरका भाले करायेर घुमी घुमी ।
नाचेका देखदा-खेरी मन हुन्छ रिमी-झिमी ॥

८८

नाचे पुच्छर हल्लाई बोली फेरि चिभे-चरी ।
वियोगिनी निभायेका कालका दूतिका-सरी ॥

८९

झर्नाले शिरको सारा भुवा सारौँ कठैबरी !
मुडुला भै घुमेका छन् मानू क्षपणकै-सरी ॥

९०

इन्द्रिनीको प्रभा राम्रो झल्कँदो छ थरी-थरी ।
अप्सराले खसालेका रत्नका हारको सरी ॥

९१

गर्मी-रूपी बडो तेजी अल्झेको मेघ-पाशले ।
मृग हानी उभ्याये कि कुनामा धनु इन्द्रले ?

९२

अँध्यारो मुख लायेर मेघ लत्र्यो जती जती ।
उज्यालो खेतिवालाको चित्त हुन्छ उती उती ॥

९३

लाम्खुट्टे रोकनालाई मेघ-रूपी ठुलो झुल ।
हाले कि दिननाथैले छोपी टम्म नभस्तल ?

९४

घूम-घाम अघी हुन्थ्यो बीचमा खालि घाम भो ।
अहिले घूमको काम, 'घूम-घाम' तमाम भो ॥

९५

साध्य छैन यहाँसम्म हरियाली बढ्यो भनी ।
पन्नाको कान्ति झल्कन्छ ईंट पत्थरमा पनि ॥

९६

बिझाउने बडा ठाडा देखदा बाँसका मुना ।
गाम पिर्ने पिराहाको मनमा हुन्छ सम्झना ॥

९७

हेरी नशकनू पारी परखाल बडेबडे ।
नेपाली कविले खुट्टा काटेका वर्ण झैं लडे ॥

९८

धपक्क मेघको घुम्टो हाली कुल-बधू-सरी ।
दिगङ्गना बसेका छन् लुकाई मुख-माधुरी ॥

९९

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन ।
सबै यस्तै भयेदेखि दुःख हुन्थ्यो हरे ! किन ?

१००

वर्षाको शुरुमा हर्ष अन्त्यमा पनि हर्ष छ ।
विशेष अरुमा भन्दा वर्षामा यो प्रकर्ष छ ॥

१०१

हुन त मधुर मेरो छैन वर्षा-विचार
नजर गरनु-होला तैपनी एक बार ।
भनिकन कर जोडी हार्दिक स्नेह-साथ
गरदछ कविलाई प्रार्थना 'लेखनाथ' ॥

**इति वर्षा-विचार**

अथ

# शरद्-विचार

१

गयो बहाड वर्षाको, खडा भो रसिलो शरद् ।
अर्कै स्वरूपमा निस्क्यो कविको कल्पना जगत् ॥

२

निस्के घन-घटा फोरी देखाई भरिलो छवि ।
अविद्या-जाल तोडेको इलमी राष्ट्र झैं रवि ॥

३

धेरै कालपछी मिल्दा मित्र-दर्शनको सुख ।
डुब्यो आनन्दमा लोक लगाई हँसिलो मुख ॥

४

लोकोपकारमा खर्ची अनन्त जल-सम्पति ।
मनस्वी धीर झैं मेघ बन्यो शान्त मुनि-व्रती ॥

५

कहाँ कालो कडा कान्ति, कहाँ गर्जन-तर्जन ।
मेघले जलका साथै त्यागेछ सब दुर्गुण ॥

६

परोपकार-व्रतले गलेका मेघ पावन ।
प्रतिपच्चन्द्र-रेखा झैं देखिन्छन् मन-मोहन ॥

७

आफना जल-धाराले बढेको विश्वको खुशी ।
हेर्न लाग्यो कि वा मेघ खिस्स हाँसी परै बसी ?

८

रूप-रङ्गादिले शून्य सत्त्व-शेष कुनै धन ।
जीवन्मुक्त-सरी थाले हावा-माफिक खेलन ॥

९

सेता बादलका टुक्रा कुना-कानी अली अली ।
चल्छन् बिस्तार बिस्तारै कलिमा साधु झैं गली ॥

१०

बडो उज्यालो आनन्दी भगवान् शङ्करै-सरी ।
हिमालमा पस्यो मेघ विश्व-बाधा सबै हरी ॥

११

मेघ झैं विश्व-सेवामा लगाई शुद्ध जीवन ।
अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्तिभाजन ॥

१२

हरायी मेघका साथै उज्याली बिजुली पनि ।
भर्ता गयेपछी कान्ता रहन्थी अन्त के भनी ?

१३

जगद्व्यापी उही मेघ टुक्रा टुक्रा भईकन ।
हिन्दूसाम्राज्य झैं आज गिऱ्यो पायिन्न देखन ॥

१४

मेघले अघि वर्षामा गरेका पुण्य-वृष्टिको ।
फलरूप नयाँ रङ्ग निस्क्यो कि सब सृष्टिको ?

१५

दिव्य सौभाग्य-धारामा नुहाई भइ निर्मल ।
निस्केको तुल्य देखिन्छ उज्यालो विश्वमण्डल ॥

१६
उनै दिन उज्याला छन्, उज्याला छन् उनै निशा ।
उनै प्राणी उज्याला छन्, उज्याला छन् उनै दिशा ॥
१७
दुःखदुर्दोषका साथै वर्षाले सब विश्वको ।
मैलो-पन पखाल्यो कि प्रत्येक परमाणुको ?
१८
वर्षा जाँगरिली दासी धोई पोती लिपी चली ।
शरद् मालिकिनी जस्तै गर्न थाली ढली-मली ॥
१९
शुकी-शक्यो हिलो सारा, धूलो छैन रती-भर ।
रस्ता देखिन्छ सम्पूर्ण लिपेको झैं मनोहर ॥
२०
नर-नारी, लता-वृक्ष, पशु-पक्षी तमामको ।
ढाँचाले स्पष्ट देखायो आनन्दी राज्य रामको ॥
२१
न सर्दी छ, न गर्मी छ, न वर्षा छ, न घाम छ ।
अपूर्व यो शरत्काल सबैको सुख-धाम छ ॥
२२
निर्दोषी नयनाऽऽनन्दी शरत्का रसिला दिन ।
सधैं बस्ने भयेदेखि चाहिन्थे कविता किन ?
२३
न तुवाँलो, न ता हुस्सू, न धूलो, न पयोधर ।
स्वच्छ देखिन्छ आकाश इन्द्र-नील-बराबर ॥
२४
कुइरो घामले भाग्यो, तुवाँलो वायुले छुट्यो ।
धूलो वर्षादले मार्‍यो, मेघ आफैं पछी हट्यो ॥

२५

सारा उपाधिले शून्य, शून्य आकाश यो घरी ।
झल्कन्छ कल्पना-शून्य योगीको हृदयै-सरी ॥

२६

रातमा झल्कने ज्यादा ठूला साना हिरा-सरी ।
तारा झिलिझिली गर्छन् त्यो नीलगगनै-भरी ॥

२७

माथि छन् सक्कली तारा, नक्कली तल जुन्किरी ।
तल माथि दुवैतर्फ झन्नै तुल्य छ माधुरी ॥

२८

देवताका हिरा हुन् वा हुन् वा स्वर्गीय जुन्किरी ।
स्वर्धुनीका छिटा हुन् वा झल्कने ती थरी-थरी ॥

२९

झल्कन्छ राति आकाश ती ताराहरुले गरी ।
योगीका सुख-शय्याको कार्चोपी चाँदनी-सरी ॥

३०

रातमा रात राम्रा छन्, राम्रा छन् दिनमा दिन ।
सच्चा अमृतका टुक्रा कम-बेसी थिये कुन ?

३१

शान्त भै ठाममा आये ठूला नद-नदी सब ।
सबैको अस्थिरै हुन्छ उर्लँदो वेग-वैभव ॥

३२

जसरी भल आयेथ्यो गयो झट्ट उसै गरी ।
जवानीको कडा माद दौडन्छ बिजुली-सरी ॥

३३

वर्षाका जोरले मात्र उर्लेका खहरे जती ।
छोडी आडम्बरी फूर्ति बन्न थाले बक-व्रती ॥

३४

नदीका जलले छोड्यो सारा बगर सुस्तरी ।
ज्ञानीका मनले तुच्छ भोगको वासना-सरी ॥

३५

चुल्ठो-समान लर्केकी नदीको मरू-धार छ ।
आनन्दी हंसको ताँती मानू सुन्दर हार छ ॥

३६

आखा-समान फल्कन्छ माछाको परिवर्तन ।
गहिरो भुमरी-रूप नाभि देखिन्छ शोभन ॥

३७

हलुका लहरी हात, गाना कलकल-ध्वनि ।
नचरी लाउँदै चल्छन् नदी सागर-गामिनी ॥

३८

शरत्का सङ्गले सङ्लें धमिला पोखरी सब ।
सत्सङ्गको सफा रङ्ग सबैमा पर्छ वास्तव ॥

३९

वृक्ष, पर्वत, आकाश गर्व सौन्दर्यको गरी ।
पानीमा हेर्न लागे कि आफनू मुख-माधुरी ?

४०

शनैः शनैः फिका पारी अघिको तेजिलोपन ।
विप्र झैं दक्षिणाऽऽशामा लागे श्रीसूर्य लत्रन ॥

४१

कन्या-लङ्घन भो भन्ने सङ्कोचैले अलीकति ।
झुकेका हुन् कि लाचारी-साथ ती पद्मिनी-पति ?

४२

दिननाथै उँधो लत्रे, दिनको के कुरा छ र ?
जहाँ-सुकै पनी हुन्छ स्वामी-माफिक नोकर ॥

४३

तेस्ता प्रचण्ड तेजस्वी सूर्यको त्यो अधोगति ।
देखी हृदयले भन्छ अभिमान नले रती ॥

४४

वर्षामा मेघले ज्यादा दबायेका दिवाकर ।
अत्यासले गलेछन् कि ? चलेछन् कि उँधोतिर ?

४५

धैर्यको शान्तिको दिव्य नमूना-तुल्य निश्चल ।
अधिभन्दा पनी ज्यादा उज्यालो छ हिमाचल ॥

४६

हिमका चुचुरा सारा साह्रै स्वच्छ मनोरम ।
देखिन्छन् आत्म-विद्याका सिद्धान्त-सरि दुर्गम ॥

४७

बिहानै शिरमा पर्दा सूर्यको किरणाऽऽवली ।
मूर्तिधारी तपस्वी झैं झल्कन्छन् हिमका चुली ॥

४८

हिमालका पखेरामा तलै लत्रे पयोधर ।
शिवका कटिको लम्बा बाघाम्बर-बराबर ॥

४९

निस्कँदा पद्मिनी-नाथ छिचोली मेघको वन ।
मुसुक्क पद्मिनी हाँसे खुशीले दङ्ग भैकन ॥

५०

देखिन्छ अघिको भन्दा राम्रो कमल-संहति ।
चर्को विनाश-बेलाको बत्ती झैं विमल-द्युति ॥

५१

थुँगा कमलका राम्रा देखिन्छन् पोखरी-भरी ।
आकण्ठ जलमा मग्न अप्सराका मुखै-सरी ॥

५२

पद्मका पुष्पले पद्म-पोखरी ढकमक्क छ ।
सुगन्धको मजा पाई हावा सारा गमक्क छ ॥

५३

लियो सुगन्ध हावाले मिल्कायो तल केशर ।
तत्त्व पायेपछी फेरि खोष्टाको चाल के छ र ?

५४

सुनौला रङ्गका ताजा चिल्ला केशरले गरी ।
सुवर्ण-मय देखिन्छन् सारा कमल-पोखरी ॥

५५

विधाताले खटायेका कमल-द्युति-जाँचमा ।
जाँचकी-तुल्य भै घुम्छन् भुमराहरु पुष्पमा ॥

५६

लक्ष्मीको वास त्यो खास फक्रेको पद्म-सन्तति ।
पायी दिव्य रसप्रेमी भुमरा मस्त छन् अति ॥

५७

बिस्तारो गतिका साथै खोली दिव्य गला पनि ।
पद्मका वनमा गर्छन् कलहंस कल-ध्वनि ॥

५८

काव्यमा कविको दिव्य कल्पना-शक्तिको सरी ।
जलमा अति राम्रो छ हंसको गति-चातुरी ॥

५९

हावाले जलमा राम्रा लहरी जुन आउँछन् ।
झुलदै उनमा हंस डुङ्गीमा झैं रमाउँछन् ॥

६०

दूध पानी दुवै छान्ने ज्ञानी परम-हंस ती ।
निराला चालमा चल्छन् को जान्ने तिनका गति ?

६१

त्यो हंस-गतिले चल्छ जल निर्मल सुस्तरी ।
लययुक्त महात्माको चित्तको कलना-सरी ॥

६२

हंसहंसी दुवै बाँडी मृणाल मुखमा धरी ।
देखाउँछन् बडो राम्रो दाम्पत्य-प्रेम-माधुरी ॥

६३

धन, धर्म दुवै धान्ने धान्य-गौरवले उता ।
खेतमा भरियो भारी भरिलो रमणीयता ॥

६४

जीवनाऽऽनन्दको ज्योति प्रजाको स्वच्छ शीतल ।
बयेली धानमा खेल्छ गर्दै नयन-मङ्गल ॥

६५

एकैनास पसायेका अर्धचन्द्र-समानका ।
बाला लहबरी गर्दै झुल्दछन् खूब धानका ॥

६६

झुकेको छ सबै धान्य ठाडो छैन कुनै पनि ।
उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनि ॥

६७

खेतको मोहिनी शोभा हेरदा-हेरदैमहाँ ।
ब्रह्ममा ब्रह्म-वेत्ता झैं लीन हुन्छ मनै वहाँ ॥

६८

बदामी रङ्गको राम्रो देखदा खेतको छवि ।
केशरी बागमा पुग्छन् उपमा खोजदै कवि ॥

६९

कृषिको श्रम-साफल्य देखनाले प्रजा सब ।
परमाऽऽनन्द पायेको योगी झैं छ खुशी अब ॥

७०

हुटिटचाउँ, हिलेकौवा, जलेवा, बक, चाँचर ।
खेतीका कुह्रुवा-तुल्य खेतैमा गर्दछन् घर ॥

७१

साना रुगरुगायेर दौडने दिव्य खञ्जन ।
गति-सौन्दर्यले साह्रै गर्दछन् मन-रञ्जन ॥

७२

त्यो छिटो, छरितो, राम्रो तिनको फुर्फुराहट ।
हेर्दा भित्र छचल्किन्छ प्रेम-पीयूषको घट ॥

७३

जता हेऱ्यो उतै राम्रो आनन्दी रङ्ग लोकको ।
छैन संसारमा नाम-निशाना दुःख शोकको ॥

७४

खोली कमलको छाता हम्काई काश-चामर ।
ऋतु-राजै-सरी गम्क्यो शरत्काल मनोहर ॥

७५

फूलका मदको गन्ध भरियेको छतीवन ।
शरत्को वनमा बद्ध हात्ती-तुल्य छ शोभन ॥

७६

वनमा फल-पुष्पादि विशेष नभये पनि ।
ऋयाङ्गिएको छ त्यो ज्यादा बनी गाम्भीर्यको धनी ॥

७७

वसन्तकै सरी सारा बगैंचाको बहार छ ।
हावा वसन्तको भन्दा ज्यादा महक-दार छ ॥

७८

फुलेको हसना-रूप शरत्को मन्द हास छ ।
जसमा बहुतै चर्को वासनाको विकास छ ॥

७९

हसनाको बडो हस्के देखी उत्ताउलो-पन ।
कुनामा केवरा लाग्यो जिभ्रो काढी लजाउन ॥

८०

ढकमक्क शयेपत्री अभिमानी-समान छ ।
ज्यादा लत्रन जान्दैन रूपको खूप शान छ ॥

८१

बन्दै-छ गमला-रूप-खोरमा गुण-केशरी ।
तैपनी फूलको सातो हर्छ त्यो गुणले गरी ॥

८२

रसीलो हर-शृङ्गार वर्षाई पुष्प बर्बरी ।
स्वर्गीय वासना भर्छ महात्मा झैं वरी-परी ॥

८३

हंसराज नयाँ रङ्ग झिकी अत्यन्त दङ्ग छ ।
मानू सूर्यमुखीलाई सूर्य बन्ने उमङ्ग छ ॥

८४

रङ्गमा रेशमै-तुल्य ढङ्ग लोकै बिझाउने ।
रित्तो मखमली चुत्थो धूर्तै भन्न सुहाउने ॥

८५

उता गोदावरी जम्मै फुलेर ढकमक्क छ ।
यता सरस नेवारी त्यो देखी अकमक्क छ ॥

८६

एतावता सबै-तर्फ शरत्को कान्ति-माधुरी ।
झल्कायेर फुलेका छन् फूल राम्रा थरी-थरी ॥

८७

टल्कने हलुवाबेत लटऱ्याम्म रुखैभरी ।
अम्बा लदाबदी जम्मै पाकेका छन् थरी-थरी ॥

८८

कहाँ उस्तो हिलो मैलो, कहाँ यो मोहिनी छवि !
कति राम्रो उदायेको विश्व सौभाग्यको रवि ॥

८९

वर्षाले जलले पूर्ण मेघ-मण्डलमा पसी ।
चन्द्रले कालिमा दोष फालेछन् कि घसी घसी ?

९०

चन्द्रको चाँदनी-रूप झल्कँदा राति गौरव ।
कपूरले लिपे-जस्तो देखिन्छ जगतै सब ॥

९१

आनन्दी देवता-तुल्य चन्द्रका रश्मिजालमा ।
पीङका रङ्गमा दङ्ग देखिन्छन् सब हालमा ॥

९२

जुनेली रातमा राम्रो सुन्दा चहचह-ध्वनि ।
फनक्क भुमरी मारी घुम्छ आनन्द फन्फनी ॥

९३

पुरानू विजय-स्तम्भ-रूप राम्रो सुविस्तृत ।
यो दशैं-चाडमा मिल्छन् धेरै सिद्धान्त अङ्कित ॥

९४

जसरी पीङ मच्चिन्छ हिन्दू-जाति उसै गरी ।
विश्वमा मच्चिँदै घुम्थ्यो जयका जमरा धरी ॥

९५

यै शरद्मा दशैं हाम्रो, यसैमा दीप-मालिका ।
यसैमा धान्य-सम्पत्ति, धन्य यो सुख-तालिका ॥

९६

माथमा जमरा माथी जमाई गुण-केशरी ।
नर-नारी जमेका छन् विजयाऽऽनन्दमा परी ॥

९७

मनुष्यको कुरा के छ पशु-पक्षी पनी सब ।
मनाउँछन् खुशी मानी मञ्जु मङ्गल उत्सव ॥

९८

आनन्दको ध्वजा-तुल्य ठडयाई दीर्घ पुच्छर ।
बाच्छा-बाच्छी सिँगारेका दौडन्छन् ती सबैतिर ॥

९९

यताउति कतै केही नहेरी मस्त भैकन ।
विजयी वीर झैं गर्वी थाले गोपति ढल्कन ॥

१००

योगीको मन झैं पानी, बाटो वेद-पथै-सरी ।
शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी ॥

१०१

हुनत अति उज्यालो हो शरत्काल खास
तर अलि कवितामा कम्ति नै भो प्रकाश ।
रसिक ! गरनु-होला तैपनी दृष्टि-पात
श्रम सब बुझि मेरो भन्छ यो 'लेखनाथ' ॥

इति शरद्-विचार

अथ

# हेमन्त-विचार

१

गर्दा-गर्दै खुशी-साथ शरत्सौन्दर्य-वर्णन ।
हेमन्तले खिची-हाल्यो कविको लेखनीकन ॥

२

भारी बोकेर जाडाको टाढाको बटुवा-सरी ।
हिम-दन्तुर हेमन्त आयो मैलो-पना धरी ॥

३

मैलो दुर्गुणको थैलो त्यो हेमन्त भयङ्कर ।
देखेर डरले भागी शरद्बाला दिगन्तर ॥

४

हेमन्त डाकिनी-तुल्य लोक ठाडै कठ्याउँछ ।
झल्कने हिम-दाह्राले जो जो पायो अँठ्याउँछ ॥

५

घसी भस्म तुषाराको कुइराको लटा धरी ।
धुम्मियेको छ हेमन्त अवधूतै-बराबरी ॥

६

अँठ्याउने हिमै चिम्टा मौकामा छन्छनाउँछ ।
जहाँ पनी धुवाँधार धुनी घोर जगाउँछ ॥

७

परालको नलै मैला उसको छ बगम्बर ।
माला कटकटाऽऽकार दन्तको फेर्छ सुन्दर ॥

८

गेरु-रङ्गी फलाऽऽनम्र सुन्तला कीपका रुख ।
फुस्रा हेमन्त बाबाका चेला झैं छन् ति सम्मुख ॥

९

नयनाऽऽनन्दका साथै रसनाऽऽनन्द-दायक ।
फल अर्को कुनै छैन सुन्तला-तुल्य लायक ॥

१०

सुन्तला छन् फिलिङ्गा झैं फुस्स हुस्सू धुवाँ-सरी ।
विना आगो पनी झल्क्यो धुनीको दिव्य माधुरी ॥

११

कुइरो बढ्दै आयो शान्ति-शोभा सबै हरी ।
जीवका मनमा मानू भोगको तिर्सना-सरी ॥

१२

बिहानी-पखको राती शीतको कुइरा-सित ।
अनौठाको मित्यारी छ रुने हाँस्ने क्रमै-सित ॥

१३

छुट्टचाई औलको सीमा काँठो लागी वरी-परी ।
पहिले कुइरो बस्छ तन्केको पगरी-सरी ॥

१४

त्यो देखी उसको मित्र शीत वैरिन थाल्दछ ।
तत्कालै कुइरो सोझै फाँटमा फाल हाल्दछ ॥

१५

त्यो माथिबाट देखिन्छ सबेरै टम्म फाँटमा ।
फट्की राश लगायेको रुवाको दिव्य ठाँटमा ॥

१६

लम्तन्न भै निदायेको बडो आनन्दमा परी ।
औंलाको प्रतिमा-तुल्य कुइरो हुन्छ त्यो घरी ॥

१७

बाल-सूर्य-प्रभाले त्यो फुस्स फुस्कन्छ सुस्तरी ।
व्युत्थान-कलना-द्वारा संयमीको मनै-सरी ॥

१८

विचार गर्दा उसको न रेखा छ न रङ्ग छ ।
ब्रह्ममा विश्व झैं खाली भ्रान्तिको त्यो तरङ्ग छ ॥

१९

भित्र अत्यन्त निःसार फुस्स आकार बाहिर ।
माया-जञ्जाल झैं हुस्सू लठारिन्छ सबै-तिर ॥

२०

शीत-रेखा जमेको छ उसमा भित्र बेसरी ।
सङ्कल्प-शक्तिका साथ संसार-महिमा-सरी ॥

२१

चोटा कोठा सबै चाली पुग्छ सुस्त सबै-तिर ।
हुस्सू भये पनी नाम, काम हुस्सू कहाँ छ र !

२२

विचित्र जादूगरका जादूको शक्तिले सरी ।
एकै डल्लो गरी-दिन्छ उसले दृष्टि-माधुरी ॥

२३

कुइराको कडा पर्दा लर्कँदा त्यो सबै-तिर ।
दृष्टिको ज्योति जाँदैन बित्ता-भर पनी पर ॥

२४

न पक्षीको कुनै शब्द, न प्रभा दिननाथको ।
भेद छुट्टयाउनै गाह्रो रातको न प्रभातको ॥

२५
दैवी प्रकृतिको दिव्य प्रात:कालीन गौरव ।
हुस्सू-रूप महामैला थैलामा बन्द भो सब ॥
२६
हुस्सू प्रकृतिको लामू गर्भाशय-समान छ ।
उसमा कर्म-बाधाको सबैमा एक भान छ ॥
२७
दिशा यो विदिशा यो हो भन्ने भेद पनी गयो ।
मानू समसमाऽऽकार लय-लीला खडा भयो ॥
२८
सबेरै देव-कन्याले बढारी स्वर्गमन्दिर ।
फालेछन् कि यता मैलो हुस्सू-रूप कसिङ्गर ?
२९
न मेघ हो, न हो पानी, न धुवाँ हो, न बाफ हो ।
बिहानै ढुस्सिने तेस्तो नजाने कुन पाप हो ?
३०
मैलो विषय-तृष्णामा मुक्तिको महिमा-सरी ।
कुइरामा बिपत्ता भो श्रीसूर्योदयको घरी ॥
३१
निद्राले चेतना-जस्तै हुस्सूले दृष्टिको गति ।
साह्रै गुटूमुटू पाऱ्यो देखिँदैन यता-उति ॥
३२
कुइरामा कठै ! काग घुम्छन् अन्योलमा परी ।
मायाले मुक्तिको मार्ग बिर्सेका विषयी-सरी ॥
३३
आधा हिलामा लत्रेको पद्मका फूलको सरी ।
कुइरामा दब्यो आधा दिनको कान्ति-माधुरी ॥

३४

हेमन्त सिन्धुमा घुम्दा कुइरो-रूप मन्दर ।
जगतै कछुवा बन्छ खुम्च्याई अङ्ग जर्जर ॥

३५

तेही मन्थनका छिर्का तुषाराको स्वरूपमा ।
बर्र बर्र सबै-तर्फ वर्षेका हुन् कि विश्वमा ?

३६

कम्ती भयो भने मैत्री शीतको कुइरोसित ।
तुषारो जोरले हाँस्छ खित्का छोडेर खित्खित ॥

३७

बेलुका सुतदा अर्कै रङ्गमा सब सृष्टि छ ।
बिहान उठदा अर्कै सेताम्मे हिम-वृष्टि छ ॥

३८

साना परालका छाना तुषारो थुप्रिँदामहाँ ।
सिङ्गमर्मरका जस्तै मजाका देखिने अहा !

३९

छोपियेकी तुषाराले देखिन्छिन् भूमि यो घरी ।
कुनै कपास झैं सेतै फुलेकी बुढिया-सरी ॥

४०

ठण्डीका डरले सेतो मण्डलीमा गुटूमुटू ।
नीदले पृथिवी देवी बनी-छन् की लुटूपुटू ?

४१

खात हो वा तुषाराको यद्वा दु:ख-प्रपात हो ?
फुस्रा हेमन्तको यद्वा फुस्रो दु:सह लात हो ?

४२

तुषाराका तिखा सेता काँढा हान्दै पछिल्तिर ।
रात्रि-दुम्सी घुस्यो यद्वा पश्चिमाऽद्रि-गुफा-तिर ॥

४३

हेर्दा तुषारो राम्रो छ, कुल्चँदा र समाउँदा ।
पारी कक्रक्क तत्कालै सातो हर्दछ सर्वदा ॥

४४

काठ्ठियेर सदा रुन्छन् सारा वृक्ष-लताहरू ।
शीतका रूपमा आँशु चुहायेर धुरू-धुरू ॥

४५

लता-वृक्ष तुषाराले सब पाऱ्यो थिलोथिलो ।
जिङ्रिङ्ङ वन देखिन्छ, शोभा-शून्य उराठिलो ॥

४६

पक्षी कठै ! पखेटाको तुषारो टक्टक्याउन ।
चाहन्छन् काठ्ठियेका छन्, सक्तैनन् फट्फटाउन ॥

४७

न चराको कतै रङ्ग, न कतै पुष्प-पल्लव ।
तुषारामा डुब्यो सारा वनको महिमा सब ॥

४८

हरायो शीतको मारे वृक्षको बढ्ने गति ।
अँठ्यायेपछि अर्काले कसको हुन्छ उन्नति ?

४९

देखिये तुहिनाऽऽक्रान्त लता, वृक्ष, वनस्पति ।
आलस्यले अँठ्यायेका जाति-जस्तै हत-द्युति ॥

५०

जराले जीवको दिव्य यौवन-ज्योति फैं सब ।
दबायो शीत-धाराले शरत्को पुष्प-गौरव ॥

५१

घुम्टो हालेर हुस्सूको शीत-धारा चुहाउँदै ।
बिहानमा अँध्यारी भै रुन्छिन् प्रकृति नै सधैं ॥

५२

हात गोडा सबै बाँधी ख्रोक्रिन्छ जगतै सब ।
हुस्सूका माऊमा फुस्स हुन्छ कर्तव्य-गौरव ॥

५३

दिन हेमन्तका साह्रै खियेका छन् कठैबरी !
धर्म-भीरु, दयापूर्ण निर्लोभी सज्जनै-सरी ॥

५४

बारुलाले सरी हर्दम् ठण्डीले उग्र चिल्दछ ।
भाग्यले औषधी-तुल्य पाहार तर मिल्दछ ॥

५५

गद्गदाऽऽकार भै बस्छ दुनियाँ सब घाममा ।
योगारूढ महात्मा भैँ दिव्य कैवल्य-धाममा ॥

५६

जस्तो पाहारमा प्रेम दुनियाँको छ हालमा ।
उत्तिको प्रेम के होला अन्त यो सृष्टि-जालमा ?

५७

पाहार-रूप यो दिव्य शीत-संहारसाधन ।
ठूला साना सबैलाई जीवनीको ठुलो धन ॥

५८

लिँदा-लिँदैमा स्वर्गीय शान्ति पाहारमा बसी ।
खडा हुन्छे कडा काली तत्कालै रात्रि-राक्षसी ॥

५९

निस्की कलमुखी रात्रि जहाँ शूर्पणखा-सरी ।
जान-की पद्मिनीलाई वहाँ बाधा कठैबरी !!

६०

रामाऽऽत्मा रविले रात्रि-राक्षसीको चुरी-फुरी ।
पाहार-खड्गले हर्दा चल्यो अर्कै कडा हुरी ॥

६१

फाँडिये कण्टक-प्राय: बढेका खर दूषण ।
पियारो भो-जन-स्थान रह्यो अध-म-रा वन ॥

६२

रात्रि-शूर्पणखा काली अँध्यारो मुख लाउँदै ।
हिम-रावणका साथ गर्छे मानू कुरा रुँदै ॥

६३

फिँजारेकी छ उसले जगल्टा अन्धकारका ।
शीतका रूपमा हर्दम् खसाल्छे आँशुका ढिका ॥

६४

मेघ-नाद छँदैछैन पन्छाई-र-वि-भीषण ।
रात्रि-शूर्पणखाले त्यो जगायी हिम-रावण ॥

६५

पछारिँदामा त्यो रात्रि-राक्षसी आयतोदरी ।
धेरै नै थिचिये राम्रा उज्याला दिनका घरी ॥

६६

देखिनेबित्तिकै ऋट्ट दबिन्छ दिन माधुरी ।
दरिद्रको क्षणस्थायी मनको मन्सुबा-सरी ॥

६७

उनै सूर्य, उनै पृथ्वी, उही छ किरणाऽऽवली ।
कालको गतिले गर्दा राप किन्तु अलीअलि ।

६८

फर्काउँछ सिधा पीठ दुनियाँ सूर्य-सम्मुख ।
हेरला को कठै ! मन्द गिरेका मित्रको मुख ?

६९

तेजस्विता भयेदेखि सूर्यमा क्यै अलीकति ।
शीतले यसरी लोक काँपदो हो कहाँ यति ?

७०

परेछ शीत-सम्बन्धी सूर्यलाई पनी पिर ।
नत्र तेसरि सोछिन्थे किन अग्नि-भये-तिर ?

७१

राम फैं रवि जानाले कोल्टामा मन्द भैकन ।
जान-की पद्मिनी हर्न खडा भो हिम-रावण ॥

७२

विहोश भै-ढली-हाली पद्मिनी विकलाऽऽकृति ।
होशमा किन घुस्रन्थी अर्काका काखमा सती ?

७३

दुष्टले पद्मिनी कान्ता हर्नाले विरहाऽऽतुर ।
दोस्रो राम-सरी सूर्य बने मालिन्य-मन्दिर ॥

७४

समातेर धनूराशि राम-रूप-दिवाकर ।
सीताऽऽपुर हुँदै ज्यादै जाँदैछन् की उँधो-तिर ?

७५

एतावता बढ्यो जाडो, थाल्यो त्यो हिम वर्षन ।
बिलायो कमल-श्रेणी, पुगे श्रीसूर्य दक्खिन ॥

७६

दु:ख दुर्भाग्यको धारो ठण्डीका उग्र-रूपमा ।
खनिंदो छ कठै ! राती लगातार गरीबमा ॥

७७

दु:खीका दु:खको याद भये-देखी अलीकति ।
दैवले सब उल्टन्थ्यो तत्कालै सृष्टि-पद्धति ॥

७८

दु:खी गरीबका लेखा नख-देखी शिखा-तक ।
चर्चरी चिरने पापी हेमन्तै घोर नारक ॥

७९

रातमा घुसदा शीत दुःखीका भित्र आँतमा ।
दाँतको झगडा हुन्छ को जाने कुन बातमा ॥

८०

कन्था बिकामका भद्दा थाङ्नामा मस्त भैकन ।
हालका कविजी जस्तै लागे गरिब खुम्चिन ॥

८१

कालो तरङ्ग-सङ्कीर्ण दह झैं पान्थको मन ।
फोरी नयनको बाँध लाग्यो साह्रै छचल्किन ॥

८२

घडी-तुल्य पला लाग्छन्, वर्ष-तुल्य घडी सब ।
दुःखी दाह्रा किटी भोग्छ रातको शीत गौरव ॥

८३

खुम्च्याउँछन् सबैलाई काला दीर्घ विभावरी ।
कठै ! घोर अविद्याका गह्रुङ्गा गठरी-सरी ॥

८४

जुन रात-विषे हुन्छ दुःखीको प्राण-संशय ।
सुखीलाई उनै रात सुधाका लहरी-मय ॥

८५

सुखीका सुखको साक्षी दुःखीको दुःखवर्धन ।
फुल्कन्छ रातमा फुल्का फुलाई खूप गर्धन ॥

८६

दुःखी कौरव झैं खिन्न सुखी पाण्डव झैं बनी ।
हेर्दछन् द्रौपदी-चीर-तुल्य हेमन्त-यामिनी ॥

८७

पोखरीमा बिलायेकी देखी कुमुदिनी-कन ।
लागे कुमुदिनी-नाथ करुणा-वश पग्लन ॥

८८

फिका देखिन्छ अत्यन्त पद्‌मले शून्य पोखरी ।
जूवामा धन फालेका जुवाडेको मुखै-सरी ॥

८९

पद्‌मको रसका प्रेमी मद-मत्त मधु-व्रत ।
घुम्न थाले अँगेरीका फूलमा दुःख-कर्शित ॥

९०

कहाँ बेली, कहाँ चम्पा, कहाँ मन्दार, पाटल ।
कालले गनियो खालि फूलैमा तुच्छ धुर्सुल ॥

९१

शीतले फूलका साना बगैँचाका बुटाहरू ।
परलोक भये धेरै, रुन्छन् थोरै धुरू-धुरू ॥

९२

रस-धारा चुसी सारा तुषाराले वन-स्थली ।
गरायो नीरसाऽऽकार छैन केही झिली-मिली ॥

९३

पुष्प-पल्लवको शोभा नभयेको वनै सब ।
बन्यो स्वाऽऽधीनता-रत्न फालेको दास झैं अब ॥

९४

गलेकी हिम-वर्षाले, बलेकी तपले अति ।
गौरी झैं कलिला साना प्याहुली छन् कताकति ॥

९५

देखिन्छ वनमा यौटा फुलेको लोध हालमा ।
सिद्धि-सम्पत्तिले पूर्ण योगी झैं विश्व-जालमा ॥

९६

लेकबाट झर्‍यो सारा विवेकी क्रौञ्चको गण ।
देश-कालज्ञले लिन्थ्यो कूप-मण्डूकता किन ?

९७

खलामा धानको दाइँ गर्न थाले धमाधम ।
दु:खीको पसिना-पूर्ण-फल्यो सारा परिश्रम ॥

९८

त्यो बेला ती दयैंराको आनन्दी रङ्ग देखदा ।
चित्तले दङ्ग भै भन्छ यैं हेमन्त रहोस् सदा ॥

९९

मिहेमा धानको कुप्पा, घुम्दछन् गोरु धानमा ।
दयैंरा धान वैरन्छन् मस्त छन् सब धानमा ॥

१००

म भन्थैं हिममा राम्रा बुट्टा भै भर्दछु भनी ।
भित्र देखैं महाबुट्टा बन्द भो टक्क लेखनी ॥

१०१

प्रथम ऋतु नराम्रै हुन्छ हेमन्त खास
अरू उस ऋतु-माथी यो छ काव्योपहास ।
अवगुण सब छानी गर्नु-होस् दृष्टि-पात
भनि सबसँग बिन्ती गर्छु यो 'लेखनाथ' ॥

इति हेमन्त-विचार

अथ

# शिशिर-विचार

१

हेमन्तको थियो जस्तो उस्तै शिशिरको छवि ।
दुर्लभै हुन्छ दोटाको भेद छुट्ट्याउने कवि ॥

२

उही ठण्डी, उही हुस्सू, हिम-वर्षा उही सब ।
अहो ! शिशिरले सारा हऱ्यो हेमन्त-वैभव ॥

३

हेमन्तको म हूँ भाइ, हुन्छु दाइ-बराबर ।
भन्ने शिशिरको भित्र पक्का छ मनमा सुर ॥

४

थपी हेमन्तको भन्दा बढता वात-सङ्कट ।
सेक्यो शिशिरले साह्रै लोकका दुइ कञ्चट ॥

५

दिनहुँ तल घर्कन्छ चुलियेको हिमाऽऽचल ।
बिहोशी ऐशमा मस्त राष्ट्र झैं मद-सङ्कुल ॥

६

सारा शरीरमा शीत फैलिंदामा पनी सब ।
अहो ! कम्प-ज्वराऽऽक्रान्त रोगी झैं काँप्तछन् अब ॥

७

दुर्भाग्य-चक्रले तुल्य शरीरै चर्चरी चिरी ।
हावा शिशिरको घुम्छ लगातार सिरीसिरी ॥

८

हिमका बहुतै साना परमाणु हवा-भरी ।
मिलेका छन् करौंतीका तीखा दन्त-शिखा-सरी ॥

९

हुर्र-हुर्र चिसो हावा हुर्हुरायेर आउँछ ।
जुरुङ्ग भै सबै अङ्ग उसले जुर्जुराउँछ ॥

१०

रोमाञ्च शिशिरैमा झैँ सर्वदा उठने भये ।
सब मानिस दुम्सी झैँ काँटादार हुने थिये ॥

११

कडा बतासले जाडो जागेको छ घरी-घरी ।
जन-सङ्गतिले कच्चा योगीको वासना-सरी ॥

१२

भू-कम्प-कालको रङ्ग पापी शिशिर ल्याउँछ ।
बस्ताबस्तै पनी तेसै देह यो डग्डगाउँछ ॥

१३

हात अत्यन्त आत्तिन्छन्, खुट्टा हुन्छन् लुटूपुटू ।
अघिको आफनू चाल छोडिदिन्छ कठै ! मुटू ॥

१४

घर्केका हिमका थुम्का खस्छन् शब्द ठुलो गरी ।
भू-कम्प-कालमा अग्ला कौसी बुर्जाहरू-सरी ॥

१५

आयो शिशिर-भैंचालो कमाई लोक थर्थरी ।
सफा सु-घरका गाला चिरिये सब चर्चरी ?

१६

अडिने साहसै छैन चाहन्छन् सब पल्टनै ।
खुला दो-कान को राख्छ गले-बन्द-भये-कुनै ?

१७

मानिस बाहिरै निस्के चौरको खोजनी गरी ।
मरी-यो कम्पले भन्दै देखिन्न पुर-मा-धुरी ॥

१८

वर्षे-को-हि-मले कोही भये पल्टेर सोत्तर ।
युद्धको सम्झना भैगो उत्तिखेरै सबै-तिर ॥

१९

मैलो शिशिर यो नामी धामी झैं जम्जमाउँछ ।
थोत्रो बादलको ढ्याङ्ग्रो ढन्नढन्न बजाउँछ ॥

२०

शीतका मन्त्रले मन्त्री हिमको भस्म छर्दछ ।
हुर्रहुर्र हवा-रूप फूँक त्यो खूप भर्दछ ॥

२१

बेढङ्गी चालले हर्दम् दन्त-माला चलाउँछ ।
मानू धूप-धुवाँ फुस्स हुस्सूको त्यो उडाउँछ ॥

२२

मसिना असिना-रूप अक्षता पनि छर्छरी ।
छर्छ त्यो कहिलेकाहीं सातो सकलको हरी ॥

२३

श्यालको बहुतै लम्बे शब्दद्वारा फलाक्दछ ।
ठण्डीको देवतालाई अनेक बलि माग्दछ ॥

२४

मन्त्रले तन्त्रले हो वा लोक साह्रै कमाउँछ ।
जगाई भोकको भूत रोग-दासु धपाउँछ ॥

२५

पानी कठै ! छुनासाथ असाध्य ठिहिऱ्याउँछ ।
बिच्छीका डङ्कको ज्वाला तालु-सम्म पुऱ्याउँछ ॥

२६

जीवको जीवनाऽऽधार सूर्य, अग्नि, रुवा, उन ।
नपाये चारमा यौटा बन्छ निर्जीव जीवन ॥

२७

आकाश रुँदिँदै आयो केही मैलो-पना धरी ।
भित्री कुकर्म-चिन्ताले सतायेको मनै-सरी ॥

२८

रुँदियेका दिनै सारा बिकम्बा छन् कठैबरी !
दुर्भाग्य दोषले ज्यादा दबायेका गुणी-सरी ॥

२९

अँध्यारो रुँदले गर्दा अँध्यारामा बिते दिन ।
उज्यालो मुक्त-चेष्टा झैं नष्ट भो सूर्य-दर्शन ॥

३०

रुँदका रूपमा यद्वा शीत-व्याकुल लोकको ।
आकाशमा गिऱ्यो लामू पर्दा मलिन शोकको ॥

३१

हिमको तकिया तानी ओढी त्यो रुँद-सीरक ।
आफैं शिशिर लेटचो कि पन्छाई रवि-दीपक ?

३२

हटदैन बिना बूँद मैलो रुँद कसै गरी ।
आँशु केही नवर्षाई शोक जान्थ्यो कहाँ टरी ?

३३

दिक्क-गर्छ सबैलाई माघको सिम्सिमे झरी ।
ज्यादा कचकचे चाड्ने घर-खोते बुढो-सरी ॥

३४

खुलेर जलका धारा झर्दैनन् कहिल्यै पनि ।
पानी अलिअली दिन्छ मेघ कन्जूस झैं बनी ॥

३५

वर्षाको त्यो महादानी मेघको महिमा सब ।
गरीबी-पनले हो कि खुम्चियेछ पुरा अब ?

३६

न त पानी कतै बस्छ न कतै भल चल्दछ ।
प्राणीको शास्तिका साथ खालि जमिन गल्दछ ॥

३७

वातले खुम्चिनू-पर्ने अँध्यारो माघको झरी ।
बताउनै बडो गाह्रो दु:खीको जीवनी-सरी ॥

३८

न ज्यादा जल वर्षन्छ न त आकाश खुल्दछ ।
दु:खको भोग झैं लम्बा झरी लम्लष्ट चल्दछ ॥

३९

कर्म-जन्जाल झैं मैलो झरीका वशमा परी ।
गुटूमुटू भै खुम्चिन्छ दुनियाँ गर्भमा सरी ॥

४०

धुनीमा सब धुम्मिन्छन् श्रद्धा-साथ घरी-घरी ।
दु:खमा देवताजस्तै भगवान्को वरी-परी ॥

४१

कोही काख-विषे राखी अग्निले पूर्ण अट्टल ।
योगी झैं परमाऽऽनन्दी बस्छन् बाँधेर पट्टल ॥

४२

लामा लामा बिरालीको गोडामा ताँति लाग्दछ ।
तैपनि घरमा मूसो असाध्यसित जाग्दछ ॥

४३
लुगामाथि लुगा खाप आगो ताप घरी-घरी ।
'स्यू-स्यू-स्यू' नगरी तेसै के जाला माघको झरी ?
४४
काम सातो-लिने मात्र, नाम सातो-दिने झरी ।
कति राम्रो मिलेको छ बाहिरी शब्द-माधुरी ॥
४५
हिमानी वयले पूर्ण दिव्य पुत्री हिमालकी ।
झरीको झ्याल खोलेर हेर्दछिन् आडमा लुकी ॥
४६
तिर्सना-जाल झैं लम्बा पन्छिँदा त्यो कडा झरी ।
कान्तिले दिन झल्कन्छ शान्ति-पूर्ण मनै-सरी ॥
४७
ठण्डीका पिरले मानू हिम आफैं उँधो-तिर ।
बसाइँ बस्न आयो कि बनाई काँठमा घर ?
४८
नगीचको रुखो डाँडो हिम पर्दा हिमालको ।
देखिन्छ फेटा बाँधेको मूर्ति झैं उग्र कालको ॥
४९
दाह्रा-तुल्य चुचे ढुङ्गा, दण्ड झैं धूपिका रुख ।
बायेको पहरा-रूप चौतर्फी गहिरो मुख ॥
५०
हिमाचल नदी-रूप पुत्रीलाई धमाधम ।
यथेच्छ दिन लाग्यो कि पेवाको रूपमा हिम ?
५१
सारा नदनदी सेतो काँठो सलिलमा परी ।
देखिन्छन् सुकिला राम्रा श्रीशुक्ला-गण्डकी-सरी ॥

५२

घर्केको हिम रेलिन्छ नदीका स्रोतमा सधैं ।
संसारी जीवको सारा बुद्धिमा भवितव्य झैं ॥

५३

हिमालका नदी-भित्र हिमको त्यो कडा-पन ।
भरिनाले सबै लागे हिम झैं गँगऱ्याउन ॥

५४

त्रिशूली, कौशिका, कृष्णा-गण्डकीहरुले शिर ।
लुकाये हिमको घुम्टो हाली टम्म उँभो-तिर ?

५५

थिचँदैछ तुषाराले सारा कमलको वन ।
नयाँ विचार-धाराले धर्मजस्तै सनातन ॥

५६

पद्म-पत्र सडे सारा हिलामा ती कठैबरी !
गुणग्राही नपायेर मिल्कियेका गुणी-सरी ॥

५७

उस्तो जन-मनोहारी भरिलो पद्म-संहति ।
डण्ठी शेष हुनू आजै धिक्कार विधिको गति ॥

५८

नपारी बाहिरी ताप देखाई शीतलो-पन ।
कठै ! शिशिरले साह्रै शुकायो रसिलो वन ॥

५९

खडा-खडै सबै सिट्ठी बने तेसै वनस्पति ।
प्रमेह-रोग लागेका रोगी झैं लागने अति ॥

६०

न ता वृक्ष-विषे पात, न ता झार कतै रति ।
जता हेऱ्यो उतै खाली उराठै लागने अति ॥

६१

हालमा नयनाऽऽनन्दी हरियो कान्ति-माधुरी ।
गहुँ-बारीसिवा अन्त छैन यो पृथिवी-भरी ॥

६२

गहुँका हरिया साना पातमा बिन्दु शीतका ।
पन्ना-माथि जडायेका मोती झैं देखिये निका ॥

६३

पापी शिशिरको सेतो शीतको शीत-निर्मित ।
छाता झैं रातमा चन्द्र देखिन्छन् शैत्य-पूरित ॥

६४

उनै पूर्ण-कलाधारी सुखकारी सुधामय ।
इन्दुका चाँदनीबाट हुन थाल्यो सदा भय ॥

६५

धामी-तुल्य सबै लोक काँपेका देखि थर्थरी ।
चन्द्रले चाँदनी-रूप खित्का छोडे कि बेसरी ?

६६

चीसो तपतपाऽऽकार चाँदनी-रूप चादर ।
ओढी उग्र तपस्यामा मस्त छन् कि निशाकर ?

६७

हालमा चन्द्रको छैन सूर्यको झैं प्रशंसन ।
भला हुन्थ्यो सदाकाल कहाँ ज्यादा नरम्-पन ?

६८

भयेदेखि हिजो-आज उनै साथी उनै मनी ।
सहसा शीत-बाधाले सकदैन छुनै पनि ॥

६९

बढालू रसिला सोफा जाति-जम्मा उखू-कन ।
लोक लाग्यो विजेता झैं चूर्ण पारी चपाउन ॥

७०

मुस्कीलले घुमेका छन् कोल काईं-कुईं गरी ।
प्रारब्धको घचेटामा बिचरा जज्जनै-सरी ॥

७१

प्रारब्ध-यन्त्र झैं कोल, उखू विषय कर्कश ।
कष्ट-साथ चलायेर झिक्नुपर्छ सफा रस ॥

७२

समाती कोलको कात्री कष्ट-साथ कठैबरी !
रसलोभी घुमेका छन् लाखचौरासीमा सरी ॥

७३

कोल हर्दम् घचेटिन्छन् अँचेटिन्छन् उखू सब ।
अन्तरैमा परी जान्छ सोझाको गुण-गौरव ॥

७४

धूलो-पिठो भए सारा उखू त्यो कोलमा परी ।
कालका मुखमा मानू सृष्टिको महिमा-सरी ॥

७५

हेमन्त-कान्ति कालिन्दी, वासन्ती-कान्ति जाह्नवी ।
प्रयाग-तुल्य दोरङ्गा माघको शिशिर-च्छवि ॥

७६

वसन्त नगिचै आयो खुले केही दशै दिशा ।
अरुणोदय-बेलामा किन हुन्थ्यो महानिशा ?

७७

घटदै घटदै आयो छटा हेमन्तको सब ।
सङ्ग-माफिकको रङ्ग सबैको हुन्छ वास्तव ॥

७८

उता हेमन्तको रङ्ग, यता रङ्ग वसन्तको ।
अहो ! शिशिरको तेसै पाउने अब अन्त को ?

७९

राम्रो वसन्त झैं पुच्छ, मैलो हेमन्त झैं शिर ।
राख्यो शिशिरले खासा चोचो-मोचो दुवै-तिर ॥

८०

पद्मिनीको महावैरी हिमको महिमा गयो ।
मालिन्य-दोषले शून्य सूर्यको बिम्ब देखियो ॥

८१

मिली अब सती प्यारी पद्मिनी यो भनी-कन ।
राम झैं सूर्य लागे कि उत्तरै-तिर फर्कन ?

८२

वसन्तको कडा कोही अगुवा दूत झैं गरी ।
मैलो सबै सफा गर्दै सबै-तर्फ चल्यो हुरी ॥

८३

बिचरा पान्थका लेखा भ्रामरीकै दशा-सरी ।
लागी-रहन्छ रस्ताभा दुःखदायी चिसो हुरी ॥

८४

हावाको भुमरी-भित्र धुलाको छ उही गति ।
आफना कर्मका साथ जीवको हुन्छ जो गति ॥

८५

माथीबाट झरे सारा पुराना पात बर्बरी ।
शक्ति-शून्य निरुद्योगी भाग्यका भक्त झैं गरी ॥

८६

लागदा पश्चिमा हावा पुराना दलको स्थिति ।
बदली वृक्षले केही देखाये सप्रने मति ॥

८७

झुत्रा पात थिये अस्ति, झरे आज तिनी सब ।
पालुवा पर्सि देखिन्छ, छैन केही असम्भव ॥

८८

उच्च, निश्चल, निस्पक्ष, ठिङ्गा वृक्षहरू सबै ।
देखिन्छन् भोगको तृष्णा त्यागेका अवधूत झैं ॥

८९

मरे-तुल्य बगैंचाको कुनाकानी अली अलि ।
देखिये हृदयाऽऽनन्दी रसिला कुन्दका कलि ॥

९०

कमायेँ जगतैलाई भनी शिशिर पागल ।
खिस्स हाँस्यो कि देखाई दन्त झैं कुन्द-कुड्मल ?

९१

दाउरा पातका निम्ति वन-भित्र पसी-कन ।
ग्रामीण रमणी थाले 'शालैज्यू' गीत गाउन ॥

९२

तुषाराले मरे-तुल्य बनायेको वनै सब ।
घन्क्यो घनक्क त्यै गीत-प्राण-सञ्चारले अब ॥

९३

पह्लाये दुइ-चारोटा कलिला फूलका कलि ।
कृत्यको तत्त्व जानेको विज्ञजस्तै अली अलि ॥

९४

आरू र आलुचा आलू-बखडा पुष्प-भूषित ।
मानू वसन्तका दिव्य दूत झैं छन् उपस्थित ॥

९५

लागूजस्तो महाऽऽनन्दी फागुको रङ्गमा परी ।
विलासी-जनको वृन्द रमायेको छ बेसरी ॥

९६

काटचो जगतले जाडो धैर्य-शस्त्र लिईकन ।
रङ्गका निहुँले रक्त बहन्थ्यो नत्र यो किन ?

९७

जडेको छ जथाभावी अवीर पुरमा सब ।
लोकमा वीरकै हुन्छ प्रतिष्ठा, मान, गौरव ॥

९८

वसन्ती रङ्गका वस्त्र पहिरी-कन अङ्गमा ।
क्या मजाले डुबेको छ दुनियाँ रस-रङ्गमा ॥

९९

यो हो श्रीकृष्ण-लीलाको रश्मि यौटा पुरातन ।
प्रकाश जसको हामी लिँदै छौं अरु पावन ॥

१००

पूर्णिमा तिथि हो आज पूर्ण भो शिशिर-स्थिति ।
भोलि अवश्य देखिन्छ वसन्त मधुराऽऽकृति ॥

१०१

सकल ऋतु-विचार प्रेमका साथ हेरी
गुण जति लिनु-होला दोषलाई नटेरी ।
भनि सकल गुणीका सामने भक्ति-साथ
अतिशय झुकि बिन्ती गर्छ यो 'लेखनाथ' ॥

इति शिशिर-विचार

समाप्तं शुभम्

# साझा प्रकाशनका केही कविता/काव्य

| | |
|---|---|
| अतिरिक्त अभिलेख | दिनेश अधिकारी |
| अराजक अक्षरहरू | विजय सुब्बा |
| असमर्थ श्लोक | राजव |
| अस्वीकृत | उपेन्द्र श्रेष्ठ |
| आदर्श राघव (महाकाव्य) | पं. सोमनाथ सिग्द्याल |
| एउटा गन्तव्यको खोजीमा | विश्वविमोहन श्रेष्ठ |
| एक्लो एकान्त | अशेष मल्ल |
| काँडाका फूलहरू | मनु ब्राजाकी |
| केही गीत केही गजल | कालीप्रसाद रिजाल |
| चिसो चूल्लो | बालकृष्ण सम |
| छुटेका यादहरू | वियोगी बुढाथोकी |
| जीवनको लय | श्रवण मुकारुङ |
| तरुण तपसी | लेखनाथ पौड्याल |
| दाजै ! कविता गाउँमै छ | भूपाल राई |
| दोभान (महाकाव्य) | भरतराज पन्त |
| नफुलेका फूलहरू | क्षेत्रप्रताप अधिकारी |
| नरमेध | खुमनारायण पौडेल |
| पञ्चदशिका | अनु. भरतराज पन्त |
| पृथ्वीराज चौहान (महाकाव्य) | लक्ष्मीप्रसाद देवकोटा |
| मृत्यु-कविता | मञ्जुल |
| वीरकालीन कविता | सं. दयाराम श्रेष्ठ |
| समसामयिक साझा कविता | सं. डा. तारानाथ शर्मा |
| साझा कविता | सं. चूडामणि बन्धु |
| सूर्यस्नान | कृष्ण प्रधान |
| सृष्टिकर्ता | मित्रलाल पंज्ञानी |
| हाडमासुको पहाड | शिव अधिकारी |

मूल्य रु. ३५.००

9789993327103

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२१०२३, फ्याक्स ५५४४२३६